मन्त्रालयले विश्वसनियता गुमायो... पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८०१६२६०२६, ९८०१६२६०२५ ०४१५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २३ •अंक ३३ •२०७७ साल असार ७ गते आइतबार (21 June, Sunday, 2020) •पृष्ठ ८ •मूल्य रु. ५।-

# प्रदेश २ मा संक्रमितको संख्या ३ हजार नजिक, देशमा ८६०५

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेश २ मा शनिवार दिउँसो सम्म ३ महिला र ३१ जना पुरुषगरी कुल ३४ जना ब्यक्तिहरुमा कोरोना भाईरस सक्रमित भएको पुष्टि भएको समाजिक विकास मन्त्रालयले जनाएकोछ।

जस अनुसार महोत्तरी जिल्लामा २४ जना, सर्लाही जिल्लामा २ जना, रौतहट जिल्लामा ५ जना र बारा जिल्लामा ३ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो।

महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाकी ४५ बर्षिय महिलामा कोरोना संक्रमण पुष्टि भएको छ। सोही नगरपालिकाके १८ बर्षका २ जना किशोरमा समेत कोरोना संक्रमणको पुष्टि भएको छ । मटिहानी नगरपालिकाके ४५ बर्षिय पुरुष सहित १९ देखि ४० बर्ष उमेर समुहका ४ जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएकोछ।

महोत्तरी जिल्लाको गौशाला नगरपालिकाका १५ बर्षिय किशोर सहित १ देखि १९ बर्ष उमेर समुहका ४ जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको छ । त्यसैगरी सोही नगरपालिकाकी २८ बर्षिय महिला र ४४ बर्षिय पुरुषमा समेत कोरोना संक्रमण पुष्टि भएको छ। महोत्तरी जिल्लाका गौशला नगरपालिकामा नै १९ देखि ४० बर्ष उमेर समुहका १० जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको छ।

सर्लाही जिल्लाको चकरघट्टा गाउँपालिकमा ३० बर्षिय महिला र ३० बर्षिय पुरुषगरी २ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । रौतहट जिल्लाको राजपुर नगरपालिकाकी १९ बर्षिय महिलामा कोरोना संक्रमण पुष्टि भएको छ । सोही नगरपालिका ५५ बर्षिय पुरुष सहित १९ देखि ४० बर्ष उमेर समुहका ४ जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको छ । बारा जिल्लामा सिमरौनगढ नगरपालिकाका १८, १९ र ३८ बर्षका ३ जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको छ।

समाजिक विकास मन्त्रालयका अनुसार प्रदेश २ मा संकलित ३६ हजार ७ सय ३५ स्वाब मध्ये ७ हजार ९ सय ८७ को परीक्षण हुन बाँकी छ।आरडीटी विधिबाट १७ हजार ८ सय ७१ जनाको परीक्षण गरिएकोमा ९ सय ५ जनामा कोरोना पोजिटिव देखिएकोछ।

**समाजिक विकास मन्त्रालयका अनुसार प्रदेश २ मा संकलित ३६ हजार ७ सय ३५ स्वाब मध्ये ७ हजार ९ सय ८७ को परीक्षण हुन बाँकी छ।आरडीटी विधिबाट १७ हजार ८ सय ७१ जनाको परीक्षण गरिएकोमा ९ सय ५ जनामा कोरोना पोजिटिव देखिएकोछ ।**

प्रदेश २ मा हाल १० हजार २ सय ५३ जना क्वारेन्टिनमा र १७ हजार ६९ जना होम क्वारेन्टिनमा रहेकाछन्।८ सय २१ जना आइसोलेशनमा राखिएको समाजिक विकास मन्त्रालयले जनाएकोछ।

यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिवार जनाए अनुसार संक्रमितको संख्या ८ हजार ६ सय ५ पुगेको छ। उनीहरु मध्ये २२ जनाको मृत्यु भएको छ । मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले जनाए अनुसार हाल सम्म १ हजार ५ सय ७८ जना डिस्चार्ज भएका छन् । उनीहरु मध्ये १ सय ७६ जना पछिल्लो २४ घण्टामा डिस्चार्ज भएको उनले जनाए।

मन्त्रालयका अनुसार ७ हजार ४ सय १६ स्वाबको परीक्षण गर्दा ३ सय ३१ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

सबैभन्दा धेरै डोटीमा ६१ जना संक्रमित थपिएका छन् । यस्तै पाल्पामा ३३ जना, नवलपुरमा ३२ जना, महोत्तरीमा २४ जना, तनहुँमा २३ जना , बाग्लुङमा २० जना , बैतडी र गुल्मीमा १८ जना, बाँकेमा १४ र डडेलुधरामा १२ जना कोरोना संक्रमित पुष्टि भएको डा.गौतमले जनाए।

मन्त्रालयका अनुसार सर्लाहीमा ९ जना, मोरङ, प्युठान र धादिङमा ८/८ जना, भक्तपुर, रौतहट र बर्दियामा ७/७ जना, दाङ र बारामा ४/४ जना, रामेछापमा ३ जना, सुनसरी र कैलालीमा २/२ जना, काठमाण्डुमा झापा, कैलाली, नवलपरासी, रुपन्देही, स्याङ्जा र रुकुम पश्चिममा १/१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

देशभरका २४ वटा प्रयोगशालामा कोरोना परीक्षणका लागि संकलन गरिएका स्वाबहरुको परीक्षण भइरहेको मन्त्रालयले जनाएकोछ। डा.गौतमका अनुसार २४ घण्टामा ७ हजार ४ सय १६ नमुना परीक्षण भएको छ । यो अहिलेसम्मके उच्च संख्या हो।

हाल सम्म १ लाख ६९ हजार १ सय ६५ पीसीआर टेष्ट भएको छ । यस्तै २ लाख ५२ हजार ३सय आरडीटी भएको छ। हाल देशभरका क्वारेन्टिनमा १ लाख २ हजार २ सय ४५ जना छन्।

# बैबाहिक अंगीकृत ७ वर्षपछि मात्र

टुडे समाचारदाता

काठमाण्डु ।नेपालमा बिबाह गर्ने वैदेशिक महिलाले अब बैबाहिक अंगीकृत नागरिकता पाउन ७ वर्ष कुर्ने कानुन संसदबाट पास हुने भएकोछ।

संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधिन नागरिकता सम्बन्धी विधेयकमा विदेशी बुहारीलाई अंगीकृत नागरिकता ७ वर्षपछि दिने राखिएको प्रावधानलाई नै कायम राखी पारित गर्न सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को शनिवार बसेको सचिवालय बैठकले निर्णय गरेकोछ।

सचिवालय बैठकले विचाराधिन विधेयकमा बैबाहिक विदेशी महिलालाई ७ वर्षपछि मात्र नागरिकता दिने निर्णयको पक्षमा लागेर पारित गराउने निर्णय गरेको एकजना सदस्यले जनाए।


' नेपाली पुरूषसँग बिहे गरेर निरन्तर बसोबास गरेको ७ वर्षपछि मात्र अंगीकृत नागरिकता पाउने व्यवस्था गर्ने प्रावधानको पक्षमा सहमति जुटेकोछ 'सचिवालय सदस्यले भने, सचिवालयमा भएको छलफलमा विचाराधिन विधेयकलाई नै पारित गराउने निर्णय लिएकोछ।

तर नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरुषलाई अंगीकृत नागरिकता दिनुपर्ने माग अस्वीकृत भएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जनाए । नेकपाका महिला सांसदहरुले विदेशी महिलाको भन्दा केहि समय थप गरेर भएपनि नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरुषलाई पनि नागरिकता दिने प्रावधान राखेरपनि नागरिकता दिनुपर्ने प्रस्तावलाई बैठकले अस्वीकृत गरेको उनले बताए।

समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा) नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई तत्काल नागरिकता दिने हाल कायम रहेको प्रावधानलाई नै निरन्तरता दिनुपर्ने पक्षमा छन् ।प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस यस सम्बन्धमा विभाजित देखिएका छन्।

गत बुधवार समितिको बैठकमा गृहमन्त्री रामबहादुर थापाले विधेयकमा राजनीतिक सहमति जुटाउन ५ दिनको समय लिएका थिए ।प्रधानमन्त्री केपी शर्मा ओलीले विपक्षी दलहरुसित गरेको छलफलमा ७ वर्षको व्यवस्था सम्बन्धी बुंदामा सहमति नजुटेपछि नेकपा सचिवालयको बैठकले बहुमतबाट भएपनि निर्णयगरि अघि बढ्ने सहमति गरेकोछ।

नेपालमा भारतबाट नै बुहारीको रुपमा अधिकांश महिलाहरु आउने गरेका छन् ।केहि जातिहरुका लागि भारतमा बिहा गर्नु बाध्यता नै रहेकोछ ।नेपालले हाले संविधानमा नयाँ नक्सा समावेशगरि सार्वजनिक गरेपछि भारतको प्रतिकृया अनुकुल छेन्।




# प्रदेश सभामा नेकपाको व्यापक बिरोध

टुडे समाचारदाता

जनकपुरधाम ।प्रदेश २ प्रदेश सभाको बैठकमा सभासदहरुले बैबाहिक अंगीकृत नागरिकताका लागि ७ वर्षको समयसीमा राख्ने सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को निर्णयलाई शनिवार चर्को आलोचना गरेका छन् ।

बजेट बक्तव्यमा भाग लिएका सभासदहरुले नेकपा सचिवालयको बैठकले विदेशी बुहारी ७ वर्ष निरन्तर नेपालमा रहे मात्र बैबाहिक अंगीकृत नागरिकता पाउने गरेको निर्णयको बिरोध गरे।

प्रदेश २ को सत्तासाभेदार राजपा नेपालका प्रदेशसभा सदस्य मनिष सुमनले मधेशी र भारतलाई लक्षित गरेर यस्तो व्यवस्था गर्न लागिएको भन्दै आक्रोश पोखे। ' यो व्यवस्था लागू गरिए प्रदेश २ र प्रदेश नम्बर ५ का स्थानीय वासिन्दालाई असर पर्छ' सुमनले भने, नेकपाको निर्णयले भारतसँगको वैवाहिक तथा साँस्कृतिक सम्बन्धमा असर पर्नसक्छ ।

नेपाली काँग्रेसका प्रदेशसभा सदस्य शिवचन्द्र चौधरीले २०६३ को अन्तरिम संविधानको मर्मविपरित ल्याउन लागिएको नागरिकता सम्बन्धी व्यवस्था खेदपूर्ण रहेको बताए । 'राजनीतिक स्वार्थ पुरा गर्नका लागि नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई ७ वर्षपछि मात्रै वैवाहिक अंगिकृत नागरिकता दिने व्यवस्था अव्यवहारिक हो' चौधरीले भने ,' भारतमा त आधार कार्ड, रासन कार्डबाटै धेरै अधिकार प्राप्त गर्न सकिन्छ।



# बाढी पूर्वतयारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम। बाढी प्रकोपबाट जनधनको क्षति न्युनिकरण गर्ने उद्येश्यले बाढी पूर्वतयारी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।




पालिकाहरुको समन्वय, युनिसेफ नेपालको सहयोग र लाइफ नेपालको आयोजनामा धनुषा र रौतहट जिल्लाका दुई/दुईवटा स्थानीय तहमा बाढी पूर्वतयारी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको हो। बाढीको प्रकोपबाट सचेत रहन आवश्यक पूर्वतयारी गराउने उद्देश्यले धनुषाको शहिदनगर नगरपालिका र जनकनन्दनी गाउँपालिका तथा रौतहटको इशनाथ नगरपालिका र राजपुर नगरपालिकामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएकोछ।

चारै पालिकामा बाढीको जोखिम रहेको छ। धनुषाको शहीदनगर नगरपालिका र जनकनन्दनी गाउँपालिकामा कमला नदीको बाढीले वर्षेनी क्षति पुर्याउने गरेको छ। रौतहटको इशनाथ र राजपुर नगरपालिकामा लालबकैया नदीको बाढीले क्षति गर्दै आएको छ।

अभिमुखिकरण कार्यक्रममा पालिका प्रमुख, उप-प्रमुख तथा पालिका प्रतिनिधि लगायत सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य बाढी पूर्वतयारी योजना सम्बन्धी छलफल, उद्धार कोष स्थापना तथा सञ्चालन, बाढी पूर्वतयारी सम्बन्धी पूर्व अभ्यास, सुरक्षा, तत्काल आसयस्थल व्यवस्थापन, उद्धार सामग्रीको बाढी पूर्व उपलब्धता लगायतका विषयहरु माथि छलफल गरिएको थियो।

कार्यक्रम पालिका प्रमुखहरुको अध्यक्षतामा सञ्चालन गरि सम्पन्न गरिएको थियो। कार्यक्रममा लाइफ नेपालका अध्यक्ष सुरेत ठाकुर र कार्यक्रम संयोजक संजिव महतोले सहजीकरण गरेका थिए।

# पर्सा गापा कार्यालय भवन निर्माणको विरोधमा स्थानीयद्वारा प्रदर्शन

टुडे समाचारदाता

मलगंवा। सर्लाहीको पर्सा गाउँपालिकाको कार्यालय भवन पर्सा बजारमा बन्न लागेको भन्दै स्थानीयबासीहरुले विरोध गरेका छन्। नयाँ बन्न लागेको कार्यालय भवन सबैलाई पायक पर्ने ठाउँमा बनाउनुपर्ने माग राखेर विरोध स्वरूप स्थानीय बासिन्दाहरुले शुक्रवार कार्यालय समेत घेराउ गरेका छन्।

बुधबार शिलान्यास गरिएको उक्त भवन पर्सा बजार स्थित साविकको वडा कार्यालयमा संचालन हुँदै आएको गाउँपालिकाको कार्यालय भएको स्थानमा बन्न लागेको हो। पर्सा गाउँपालिका वडा न.४ निवासी संजय कुमार यादवको अध्यक्षतामा समिति गठन गरि हाल निर्माण भइरहेको कार्यालय भवनको निर्माण कार्य उक्त स्थानबाट सारेर सबै वडाका बासिन्दालाई पायक पर्ने स्थानमा सुरु गर्ने माग राखेर विरोध गरेका छन्।

साविकको संग्रामपुर, पर्सा, जिंगडवा र नारायणपुर गाविस मिलेर बनेको पर्सा गाउँपालिकामा छ वटा वडाहरु रहेका छन्। कविलासी र नारायणपुरको पुर्व पट्टी रहेको स्थानमा कार्यालय बनाउनुपर्ने साविक पर्सा गाविस वडा न.२ संग्रामपुरका भुपु गाविस अध्यक्ष गंगाधर रायले बताए।



उनले नारायणपुरमा कार्यालय बनाउँदा सबै वडाका बासिन्दालाई मात्र २ किलोमिटरको दुरी तय गर्नुपर्ने र सेवाग्राहीलाई पनि सहज हुने बताए।

उता गाउँपालिका अध्यक्ष किशुनदेव रायले पर्सा बजारमा बन्न लागेको गाउँपालिकाको कार्यालय भवन आफ्नो एकलौटी निर्णयबाट नभइ ६ वटै वडाका वडाध्यक्ष र कार्यपालिका सदस्यहरुले गाउँ परिषदको बैठकबाट परित गरेको सामुहिक निर्णयबाट बन्न लागेको प्रष्ट पारे। ६ वटै वडाका जनताहरुको प्रतिनिधित्व गरेका वडाध्यक्षहरुले आफ्नो जनताको भावना र इच्छा अनुसारने पर्सा बजारमा कार्यालयको भवन निर्मणि गर्नुपर्ने भन्ने निर्णयमा हस्ताक्षर गरेको उनले बताए।

एकलौटी निर्णय गर्ने आफ्नो कुनै अधिकार नभएकोले वडा अध्यक्षहरुले नै गरेको निर्णयमा आफुले पनि सहमति जनाएको गापा अध्यक्ष रायले थपे। भवन निर्माणको लागि जग्गा खरिद गर्नुपर्ने तर जग्गाको खरिद प्रक्रियाम प्रमुख जिल्ला अधिकारीको हस्ताक्षर चल्ने भएकोले अहिले सो कार्य बन्द भइसकेकोले यदी जनताले कार्यालयको भवन नारायणपुरमै बन्नु पर्छ भन्ने इच्छा जाहेर गरेका छन् भने यदि कसैले भवन निर्माणको लागि आवश्यक पर्ने १५ कठ्ठा जग्गा नारायणपुरमै उपलब्ध गराइ दिए नयाँ भवन सोही स्थानमा बनाउन आफुहरु तयार रहेको उनले बताए।

हालको गाउँपालिका कार्यालय अगाडि रहेको गाउँपालिकाके आफ्नो जग्गामा नयाँ भवन निर्माणका लागि यस वर्ष ८८ लाख रुपियाँ बजेट विनियोजन गरिएको गाउँपालिका अध्यक्ष रायले जानकारी दिए। भवनको तल्लो तल्लामा बजार राख्ने र माथिल्लो तल्लामा गाउँपालिकाको कार्यालय संचालन गर्न मिल्ने गरी नयाँ भवन बनाउन लागिएको उनले बताए।

पुरानो भवनमा रहेको तीन वटा कोठाबाट पूरै गाउँपालिका कार्यालय संचालन गर्नुपर्दा सेवा प्रवाहमा समस्या भइरहेकोले नयाँ भवन निर्मणि गर्न लागेको गापा अध्यक्ष रायले बताए। बैंकहरु समेत पर्सा मै रहेकाले कार्यालय संचालनको लागि उक्त स्थान उपयुक्त हुने र जग्गा किन्ने झण्झटबाट पनि मुक्ति मिल्ने महसुस गरेर यस्तो निर्णय पास गरिएको वडाध्यक्षहरुको भनाइ छ।

भवन निर्माणको विरुद्धमा उत्रिएका स्थानीयबासीहरु शुक्रवार बिहान केही बेर गाउँपालिका अगाडी प्रदर्शन गरि सदरमुकाम मलंगवा स्थित जिल्ला प्रशासन कार्यालय नजिक सहिद चौकमा समेत प्रदर्शन गरेका थिए।

# मोटरसाइकलबाट लागूऔषध बरामद, एक पक्राउ

टुडे समाचारदाता

लहान।

सिरहा प्रहरीले मोटरसाइकल ग्यारेजमा राखिएको पुरानो मोटरसाइकलको डिकीभित्रबाट लागूऔषध बरामद गर्दै एक जनालाई पक्राउ गरेको छ।

सिरहा सदरमुकाम सिरहा १५ माडरस्थित विक्की कुमार कारकले संचालन गरेको मोटरसाइकल ग्यारेजमा राखिएको पुरानो मोटरसाइकलको डिक्कीबाट लागूऔषध बरामद गर्दै एक जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।




गोप्य सूचनाको आधारमा पुगेको प्रहरी टोलीले खानतलासी गर्दा पुरानो मोटरसाईकलको डिकी भित्री लुकाई छिपाई राखिएको डाईलेक्स डिसि १०० एमएलको ४४ बोतल, फेन्सेरलटिम १०० एमएलको ३ बोतल र रिप्लिन १०० एमएलको १३ बोतल गरी जम्मा ६० बोतल लागूऔषध बरामद भएको सिरहाका डिएसपी बिनोद घिमिरेले जानकारी दिए।

लागूऔषध फेला परेपछि २१ बर्षीय कारकलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर थप अनुसन्धान थालिएको प्रहरीको भनाई छ।

# पुष्पलाल मागर्मा कालो पत्रे सडकको शिलान्यास

रञ्जन यादव

जीतपुर। बारास्थित पुष्पलाल मार्गमा एक करोडको लागतमा कालो पत्रे सडकको शनिबार शिलान्यास गरिएको छ। कालो पत्रे सडकको शिलन्यास प्रदेश नं.२ को प्रदेश सभासद तथा पुर्ब भुमि सुधार राज्य मन्त्री ज्वाला कुमारी साहले गरेकी छन्।

जितपुरसिमरा उपमहानगरपालिका १४ स्थित यस मार्गमा प्रदेसको ससर्त बिनियोजन गरिएको बजेटबाट सडक कालो पत्रे हुन लागेको हो। ११ सय मिटर कालोपत्रे हुने सडक असार २० गते संम्म संम्मपन्न गरि सक्ने लक्ष्य राखिएको छ।



शिलान्यास कार्यक्रममा जितपुरसिमरा उपमहानगरपालिकाको प्रमुख डा. कृष्ण पौडेल,नेकपाका केन्द्रिय सदस्य दिनेश राई, नेकपाका बारा जिल्ला अध्यक्ष अनिल श्रेष्ठ, नेकपाका प्रदेश सदस्य राजन पौडेल, वडा अध्यक्ष रामसरण बर्तौला लगायतको उपस्थित रहेको थियो।

शिलान्यास कार्यक्रमको अध्यक्षता सडक निमार्ण समितिका अध्यक्ष कृष्ण न्यौपानेले गरेका थिए।

# पोखरी घाट निर्माण गुणस्तरहीन, पालिका मौन

मुकेश कुमार यादव

लहान। सिरहाको बरियारपट्टी गाउँपालिका-३ नबटोलीमा घाट निर्माणमा गुणस्तरहीन समाग्री प्रयोग भइरहेको पाइएको छ।

बिश्वभरि कोरोना भाइरसले महामारीको रुप लिएको मौका छोपी उपभोक्ता समितिले विकास निर्माण कार्यमा गुणस्तरहीन समाग्रीको प्रयोग गरेको पाइएको हो। संकटको बेला मौकाको फाइदा उठाउनु लाजमर्दो रहेको नेकपाको गाउँपालिकाको प्रत्यासी अध्यक्ष रामसोगारथ यादवले बताए।

गाउँपालिकाको कार्यपालिका सदस्य सुरेन्द्र शर्माको घर नजिकै सो कार्य भइरहेको छ। उपभोक्ता समिति संग स्टिमेट मागेपनि दिन अस्वीकार गरेको कार्यपालिका सदस्य शर्माले बताए।

घाट निर्माणमा प्रयोग भइरहेको समाग्री गुणस्तरहीन रहेको कार्यपालिका सदस्य शर्माले पनि स्वीकारे।

गुणस्तरहीन कार्य नगर्नको लागि भनेपनि उपभोक्ता समितिले कार्य अगाडी बढाएको उनले थपे।

बुधबार स्थानीयले



गाउँपालिका अध्यक्ष र इन्जिनियरलाई गुणस्तरहीन कार्य भईरहेको जानकारी गराएको थिए। उक्त कार्य हेरेपछि उपभोक्ता समितिलाई अध्यक्ष र इन्जिनियरले तत्काल यो कार्य रोक्नुस अनि अर्को बालुवा, गिट्टी मगाएर मात्र काम सुचारू गर्न भनेको उनले टुडेलाई बताए।

इन्जिनियर सुरेन्द्र यादवले उक्त विकास निर्माण कार्य भईरहेको ठाउँमा गएको थियो र त्यहाको उपभोक्त समितिलाई काम रोक्न भनेको छ।

# बरामद सुन गायब भएपछि ...

काठमाण्डु। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सीमा प्रहरी चौकी रसुवा टिमुरेका प्रहरी निरीक्षक खेमप्रसाद नेपालसहित चार जनाविरुद्ध विशेष अदालतमा आज मुद्दा दायर गरेको छ।

आयोगका अनुसार गत पुस ११ गते अवैधरुपमा चीनबाट ल्याएको सुन बरामद गरी कसुरदारसहित सम्बन्धित निकायमा बुझाउनुपर्नेमा प्रहरी निरीक्षक नेपालसहितले आपसमा बाँडफाँड गरी लिएको अनुसन्धानबाट खुलेको छ।

टिमुरेका प्रहरी हवल्दार रामशरण रिमालले नाद्दख ४९३२ नम्बरको कन्टेनरमा सवार यात्रुबाट ४२२ ग्राम सुन कब्जा गरेको सुन सम्बन्धित निकायमा बुझाउनुपर्नेमा त्यसो नगरी प्रहरी निरीक्षक नेपालको मिलेमतोमा लिएको पाइएको आयोगले जनाएको छ।

आयोगले उक्त सुनको मूल्यको प्रचलित दर अनुसार रु २६ लाख ५२ हजार ५९ कायम गरी विशेष अदालतमा मुद्दा दायर गरेको हो। आयोगले प्रहरी निरीक्षक नेपाल, प्रहरी हवल्दारहरु रिमाल, रामकाजी लामा, पुरुषोत्तम खत्रीविरुद्ध समान बिगो कायम गरी मुद्दा दायर गरिएको जनाएको छ।

यस्तै आयोगले २०७६ मङ्सिर २२ गतेसमेत प्रहरी निरीक्षक नेपालसमेतले चीनबाट अवैध रुपमा ल्याएको १११ ग्राम सुनसमेत प्रहरी हवल्दार रामकाजी लामा र पुरुषोत्तम खत्रीसमेतको मिलेमतोमा बेचबिखन गरी पदीय दुरुपयोग गरेको आरोपमा अर्को मुद्दासमेत दायर गरेको छ। आयोगले सो कार्यका लागि १११ ग्राम सुनको प्रचलित मूल्यअनुसार रु छ लाख ७७ हजार ५९९ बराबरको भ्रष्टाचार गरेको अभियोगमा आजै नेपाल, लामा र खत्री विरुद्धसमेत मुद्दा दायर गरेको प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिनुभयो।

त्यस्तै आयोगले आजै सिराहाको साविक फूलबारी गाविस-७ को विभिन्न कित्ताको बाटो भएको जग्गा बिक्री गर्दा बाटो नभएको भनी सिफारिश गरी राजश्व छली गरेको अभियोगमा पाँच जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका अनुसार गलत सिफारिसगर्नेमिर्चैयानगरपालिका-७ का वडाध्यक्ष रामकुमार यादव र जग्गा खरिदकर्ता सुरेशकुमार महत्तोविरुद्ध समान रु ४० हजार ७७७ बिगो कायम गरी मुद्दा दायर गरिएको छ। रासस

# क्वारेन्टिनबाट किशोरी फरार

राजविराज। राजविराज नगरपालिकाको क्वारेन्टिनबाट एक किशोरी फरार भएकी छिन्। यहाँको राजदेवी माध्यमिक विद्यालयको क्वारेन्टिनबाट पाँच दिनअघि परीक्षणको रिपोर्ट नआउँदै एक युवकलाई घर पठाएको थियो। अहिले यही क्वारेन्टिनबाट १६ वर्षीया किशोरी फरार भएकी हुन्।

सबै जना सुतेको बेला मध्यरातमा विद्यालयको पछाडिबाट भागेको हुनसक्ने क्वारेन्टिनका इञ्चार्ज हरिवंश यादवले जानकारी दिए। यादवका अनुसार क्वारेन्टिनमा बसेकाको गन्ती गर्ने क्रममा फेला नपरेपछि मात्र किशोरी भागेको पत्ता लागेको हो।

झ्यालको फलामे छड बङ्ग्याएर भागेको अनुमान गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक तिलक भारतीले किशोरीको खोजी गरिए पनि हालसम्म फेला नपरेको बताए।भारतको दिल्लीबाट आएकी किशोरी जेठ २५ गतेदेखि क्वारेन्टिनमा बस्दै आएकी थिइन्।

गत माघ १३ गते एक युवकसँग भागेर भारतको दिल्ली गएकी किशोरीलाई उनकी आमाले बोलाएपछि राजविराज आएकी थिइन्। राजविराज आएपछि क्वारेन्टिनमा बसेको १० दिनपछि भागेकी ती किशोरी जान सक्ने घर, माइत, आफन्तकहाँ खोजी गरे पनि फेला नपरेको प्रहरीले जनाएको छ। क्वारेन्टिनमा खटिएका महिला स्वास्थ्यकर्मीका अनुसार उनी २ महिनाकी गर्भवती छिन्।

यसअघि सोही क्वारेन्टिनबाट रिपोर्ट नआउँदै घर पुगेका राजविराज-१ का ३० वर्षीय युवकको रिपोर्ट पोजेटिभ आएपछि मङ्गलबार नियन्त्रणमा लिई राजविराज-२ स्थित साइकृष्णा मेडिकल कलेज एण्ड हस्पिटलको आइसोलेसन केन्द्रमा राखिएको छ। युवकको सम्पर्कमा रहेकालाई पनि क्वारेन्टिनमा ल्याएर राखिएको इञ्चार्ज हरिवंश यादवले बताए।रासस

**प्रदेश सभा सचिवालय**
**प्रदेश नं. २, जनकपुरधाम**
**सूचना संशोधन**

यस सचिवालयको मिति २०७७/०३/०६ मा प्रकाशित सूचनामा कार्यालय कोड नं. २०२००१७०१२ हुनुपर्नेमा अन्यथा हुन गएकोले यसै सूचनाबाट संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैलाई सूचित गराईन्छ।

सचिव


## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : धन बृद्धि सञ्चय। |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००४४ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कोरोनासँग जुध्न औषधीय गुणयुक्त आहार, व्यायाम र उच्च मनोस्वास्थ्य महत्वपूर्ण : प्रम

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना भाइरसको महामारीसँग जुध्न औषधीय गुणयुक्त आहार, व्यायाम र उच्च मनोस्वास्थ्य महत्वपूर्ण विषय रहेको बताउनुभएको छ ।

छैटौं अन्तरराष्ट्रिय योग दिवसका अवसरमा शनिबार एक शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्री ओलीले योग र वानस्पतिक औषधीय वस्तुको प्रयोगमा जोड दिएमात्र निरोगी नेपालको उद्देश्य पूरा गर्न सक्ने बताउनुभयो ।

उहाँले समृद्ध नेपाल सुखी नेपाली सरकारको राष्ट्रिय आकाङ्क्षा रहेकाले त्यो पूरा गर्ने आधारका रुपमा शारीरिक एवं मानसिक रुपले स्वस्थ्य र निरोगी नागरिक हुनुपर्ने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले योग साधना र अभ्यासलाई आफ्नो जीवनशैली बनाएर आरोग्य प्राप्त गर्न सबैमा आह्वानसमेत गर्नुभयो । सन् २०१५ बाट संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय योग दिवस मनाउन शुरु गरेपछि संसारभर जुन २१ लाई योग दिवसका रुपमा मनाइँदै आएको छ ।

सन्देशमा उहाँले योग साधना हाम्रो प्राचीन सभ्यताको मौलिक उपज रहेको भन्दै मानसिक अन्तर्यात्रामार्फत शारीरिक तथा मानसिक स्वास्थ्यको अध्ययन गर्ने योग शास्त्रको महत्व आधुनिक युगमा भन्ने मुखर भइरहेको बताउनुभयो ।



तनाव, अवसाद, द्वेष, ईर्ष्या र निन्दाका दुष्प्रभावबाट मुक्त गर्दै समाजलाई स्वस्थ, खुशी र सकारात्मक मनोचेतनाले दोर्‍याउन योग मानवीय जीवनको अङ्ग बन्नु आवश्यक छ, सन्देशमा उहाँले भन्नुभएको छ, "योगको महत्वका बारेमा जनचेतना अभिवृद्धि गर्ने र यसका सरल विधिहरुको जनसाधारणमा पहुँच पुर्‍याउने काममा दिवसलाई सबै तह र क्षेत्रले सार्थक बनाउनु पर्दछ ।

योग हाम्रो प्राचीन ज्ञानशास्त्रको महत्वपूर्ण विधा हो र यसले मानिसको शरीर, मन र कर्मलाई एकै स्थानमा अवस्थित गर्ने भन्दै सन्देशमा उहाँले मन, शरीर र कर्मको दूरी हटाई एकाग्रता प्रदान गर्नु योग भएको बताउनुभयो । प्रधानमन्त्रीले योग साधनाले तनाव व्यवस्थापनमा सघाउँछ र मानव जीवनलाई स्वस्थ्य र नैतिकवान् बनाउन मद्दत पुर्‍याउने बताउनुभयो

यहाँका वनस्पतिमा रहेको यौगिक प्रभावकारिताबारे आधुनिक विज्ञानका सोध ग्रन्थहरुमा पनि चर्चा गरेको उल्लेख गर्दै सन्देशमा उहाँले प्राच्य दर्शनमा अपनाइएको योग पद्धतिलाई आजको आधुनिक मेडिकल विज्ञानले पनि स्वीकार गरिसकेको बताउनुभयो ।रासस

# राष्ट्रिय कविता महोत्सव स्थगित

काठमाण्डु । कोभिड-१९ का कारण नेपाल प्रज्ञा-प्रतिष्ठानले यही असार ९ गते आयोजना गर्न लागेको राष्ट्रिय कविता महोत्सव-२०७७ स्थगन गरेको छ । प्रतिष्ठानले शनिबार सूचना जारी गरी कोभिड-१९ को विश्वव्यापी महामारी र बन्दाबन्दीका कारण ६३औं वार्षिकोत्सव तथा राष्ट्रिय कविता महोत्सव स्थगन गरेको जनाएको हो ।

महोत्सवका लागि समसामयिक विषयमा आधारित भएर नेपाली भाषामा लेखिएको १५० शब्दसम्मको आफ्नो कविता जेठ २५ गतेसम्म पठाउन भनिएको थियो । कार्यक्रम स्थगित भएपछि तोकिएको मितिमा प्राप्त कवितालाई एकत्रित गरेर गोप्य लाहाछापसहित खामबन्दी गरी सुरक्षित राखिएको प्रतिष्ठानले जनाएको छ ।

प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव प्राध्यापक जगतप्रसाद उपाध्यायले कोरोनाको सन्त्रासबाट मुलुक सहज अवस्थामा प्रवेश गरेपछि उपयुक्त समयमा वार्षिकोत्सव र राष्ट्रिय कविता महोत्सव आयोजना गरिने जानकारी दिनुभयो । रासस

# ६३ लाखको लागतमा झुलुङ्गे पुलको शिलान्यास

**एम.के.चौधरी**

गरुडा । रौतहटको गरुडा नगरपालिका-५ भत्रभत्रखोलामा ६३ लाखको लागतमा झुलुङ्गे पुल बन्ने भएको छ । शनिबार एक कार्यक्रमका बीच सँघिय विकास प्रविधि समितिको सभापति तथा सँघिय सांसद कल्याणी कुमारी खडकाले झुलुङ्गे पुलको शिलान्यास गरेकी छन् ।



चन्द्रपुर-गौर सडक खण्ड अन्तर्गत गरुडा नगरपालिकामा पर्ने झाझपुल भन्दा १ किलोमिटर उत्तर तर्फ शिलान्यास भएको झुलुङ्गे पुलको लागत ६३ लाख १० हजार रहेको स्थानीय विकास मन्त्रालय अन्तर्गत सस्पेन्सन बृज युनिटले जनाएको छ ।

निर्माण हुन लागेको झुलुङ्गे पुलको लम्बाई ६४ मिटर र चौडाई ६ फिट हुने भएकोछ । निर्माण हुन लागेको पुल २०७७ सालको अन्तीर संचालनमा आउने सभापति खडकाले बताइन ।

वडा नम्बर ५ को लक्ष्मीपुर टोल र वडा नम्बर ६ को अमरपटि टोलको संयुक्त रुपमा हुने छठ पर्वको स्थानमा झुलुङ्गे पुलको शिलान्यास भएको छ । संयुक्त रुपमा हुने छठ पर्वको दिन नदी वारीपारी गर्न कठिनाई हुनु को साथै त्यस क्षेत्रका सर्वसधारणलाई सहज रुपमा कार्य गर्न झुलुङ्गे पुलको निर्माण हुन लागेको वडा नम्बर ६ का वडाध्यक्ष अशोक प्रसाद यादवले बताए ।

शिलान्यास कार्यक्रममा उपस्थित गरुडा नगरपालिकाको मेयर इनु राय यादवका अनुसार झुलुङ्गे पुलको निर्माणले सबैभन्दा बढी फइदा कृषकहरुलाई हुने छ । बर्षातको समयममा खेतीबारी तथा रोपाईको समयमा कृषकहरुलाई ओहरदोहर गर्न करिब १ किलोमिटरको बाटो तय गर्नु पर्नेमा आउदो दिनमा पुल निर्माण संगै समस्या समाधान हुने उनले बताए ।

कार्यक्रममा संघीय विकास अध्यक्ष खडका, नपा मेयर यादव, नि. प्रमुख प्रशासकिय अधिकृत मो. मुस्ताक आलम, वडाध्यक्ष मोसहर आलम, जयमंगल राय यादव, नेकपा जिल्ला अध्यक्ष कमल यादव, नेकपा मेयर प्रत्यासी शेख कलिमुल्ला, सुनचाँदी व्यवसायी संघको केन्द्रीय उपाधयक्ष रामजी साह, नेकपा नगकर कमिटि अध्यक्ष श्याम नन्दन सहनी, वडा नम्बर ४ नेकपा वडा प्रत्यासी सुनिल कुमार जयसवाल लगायत सर्वसधारणको उपस्थिती रहेको सफिन्द्र यादवले बताए ।

# कुखुरा मासुको मुल्य दोब्बरले वृद्धि

**टुडे समाचारदाता**

मलगंवा । अहिले विश्व कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट गुज्रिरहेको छ । यसको असर सबै क्षेत्रमा परिरहेको अवस्थामा पशुपंक्षी उत्पादन तथा बिक्री वितरणमा पनि यसको असर परेको छ ।



कोरोनाो महामारी नियन्त्रण गर्न सरकारले गरेको लकडाउनमा बोइलर कुखुराको उत्पादन घटेको कारण देखाउँदै सर्लाही सदरमुकाम मलंगवाका व्यापारीले बोइलर कुखुराको मासु दोब्बर महँगोमा बेच्न थालेका छन् ।

पोल्ट्री फर्ममा लकडाउन सुरु भएसँगै चल्लाहरु नथपेको ,दाना उपलब्ध नभएको र भएका कुखुराहरु पनि नष्ट भएको जस्ता कारणहरु देखाएर यहाँका ब्यापारीहरु बोइलर कुखुराको मासुको भाउ दोब्बरले बढाएको उपभोक्ताहरुले बताएका छन ।

नेपालमा गत चैत्र ११ गतेदेखि लागू हुनेगरी सुरु भएको लकडाउनको बेला जिउँदो बोइलर कुखुरा प्रतिकिलो मात्र १२० रुपैया र काटेर १५० रुपैया प्रतिकिलोमा बिक्री भएकोमा अहिले दोब्बरले बढेको छ ।

अहिले जिउँदो कुखुरा प्रतिकिलो ३ सयदेखि ३५० र काटेर प्रतिकिलो ३८० देखि ४ सय रुपैयाँमा बिक्री भइरहेको छ कहीँकहीं अलिअलि भएको कुखुरा पोल्ट्री फर्मका संचालकले नै महँगोमा बेच्ने गरेकाले मासुको मूल्य बढेको मासु व्यापारीले दाबी गरेका छन् ।

पोल्ट्री फर्महरुमा यसैगरी कुखुराको कमि हुँदै गयो भने असारको अन्तिम हप्तासम्म बोइलर कुखुराको मूल्य किलोमा ५० रुपैया सम्म बढ्न सक्ने मलंगवा नगरपालिका वडा नं.५ भाँडसरका कुखुरा ब्यापारी समसुल हकले बताए ।

# नारायणी अस्पतालमा खुट्टा भाँचिएको बिरामी अलपत्र

**सिकेन्द्र पासवान**

कलैया । नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजको चरम लापरवाहीका कारण एक वेवारिसे गम्भिर घाइते उपचारबाट बंचित भएका छन् । गरिब, असहाय, वेवारिसेहरुको सहाराको रुपमा रहेको नारायणी अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्यायको गैर जिम्मेवारी पूर्ण रबैयाका कारण भारत बिहार पुर्वी चम्पारण छाडादानो खरभकिया निवासी अन्दाजी २५ बर्षिय धर्मेन्द्र यादव अलपत्र परेका छन् । यादवलाई नारायणी अस्पतालमा भर्ना नगरी डा. उपाध्यायले फिर्ता पठाएका छन् । बाया खुट्टा भाँचिएको यादवलाई कलैया अस्पतालमा असार ४ गते देखि समान्य उपचार गराइरहेको भएपनि शल्यत्रिया गराउनुपर्ने भएको छ ।

अस्पतालका डा. ओमप्रकाश कुसवाहाले प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडित, प्रहरी उपरिक्षक कृष्ण पंगेनीलाई बिरामीको सहयोग गरि दिन जानकारी गराएका थिए । डाक्टर कुसवाहाले जानकारी गराएपछि जिल्ला प्रहरीले पत्र सहित ती बिरामीलाई नारायणी अस्पतालमा पठाएको प्रहरी उपरिक्षक कृष्ण पंगेनीले बताए ।

नारायणी अस्पतालले ओटी शुरु नभएको बहनाबाजी गर्दै अस्पतालबाट फर्काएको कलैया अस्पतालले जनाएको छ । कलैया अस्पतालको ना १ भ्क १५९८ नम्बरको एम्बुलेन्सबाट प्रहरी जवान सुधिर ठाकुर, अस्पतालका कार्यालय सहयोगीहरु राजदेव महतो, अजित चौरसियाले शनिवार कलैयाबाट नारायणी अस्पतालमा लगेको हुदा अस्पतालले कुनै चासो लिएका छैनन् ।

पीडा कम गर्ने सुई दिई यहाँबाट कलैया लग्नु भनेर फर्काएको एम्बुलेन्सका चालक मुनीलला यादवले जानकारी दिए । प्रमुख जिल्ला अधिकारी पंडितले नारायणी अस्पतालबाट ती बिरामीलाई पुनः कलैया पठाउनु अस्पतालको लापरवाही रहेको जानकारी गराए । कलैया अस्पतालमा रहेको यादवलाई चाडै अपरेसन गर्न नसकिए खुट्टा काटने अवस्था पनि आउने सक्ने डाक्टर आमेप्रकास कुसवाहाले जानकारी दिए ।

> पीडा कम गर्ने सुई दिई यहाँबाट कलैया लग्नु भनेर फर्काएको एम्बुलेन्सका चालक मुनीलला यादवले जानकारी दिए । प्रमुख जिल्ला अधिकारी पंडितले नारायणी अस्पतालबाट ती बिरामीलाई पुनः कलैया पठाउनु अस्पतालको लापरवाही रहेको जानकारी गराए ।

यादव असार ३ गते भारतवाट दाई साहेव यादवको श्रीमतिलाई माइता करैयामाई गाँउपालिका ८ नरही बस्ने सत्यनारायण यादवको घरमा पुगाउन गएको र त्यहि दिन घर भारत फर्कने क्रममा ३ गते बुलेका नै उनी बरियापुरमा दुर्घटनामा परेको थियो ।

दुर्घटना बारे जानकारी आएपछि महागढीमाई नगरपालिकाका निमित प्रमुख प्रशासकिय अधिकृत बिजय कुसवाहाले आफ्नो नगरपालिकाको गाडीमा राखी ४ गते कलैया अस्पतालमा उपचारका लागि पुगाएको थियो ।

उनी रातभरी बरियापुरमा नै घाइते अवस्थामा रहेको थियो । ठक्कर दिने गाडीको समेत पतो नरहेको अवस्थामा उसको जीवन बचाउन सबैको कर्तब्य रहेको हुदा अपरेसन गरी यादवको जीवन बचाउन पहल गर्न जरुरी रहेको छ ।

बिरामी यादवको दाई रोजगारीको सिलसिलामा भारतको फरिदावादमा रहेको एवम छाडादानो घरमा कोई नरहेको अस्पतालले जनाएको छ । बिरामीको हेरचार अस्पतालले गर्दै आएको छ ।

# एसइईको कानूनी व्यवस्था परिवर्तन गरिँदै

काठमाण्डु । माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) को कानूनी व्यवस्थामा परिवर्तन गरिँदैछ । कोरोना महामारीका कारण हाल स्थगित परीक्षाबारे आगामी वर्षमा पनि माध्यमिक तहको राष्ट्रियस्तरको परीक्षालाई कक्षा १२ मा मात्रै कायम राख्ने गरी विद्यमान कानूनमा संशोधन हुन लागेको हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा नेपालले सरकार (मन्त्रिपरिषद्) बाट गत जेठ २८ गते संवत् २०७६ को माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) को परीक्षा नलिई आन्तरिक मूल्याङ्कनका आधारमा ग्रेडिङ गर्ने निर्णय भएकामा यसलाई संरचनाका रुपमा विकास गर्न कानूनमा परिवर्तन आवश्यक हुन्छ । उक्त निर्णयलाई शिक्षा क्षेत्रमा सकारात्मक मानिएको छ ।

मुलुकमा सङ्घीयता लागू भइसकेको र माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि १२ सम्मलाई जनाइने नीति जारी भइसकेको अवस्थामा यसअघि नै कक्षा १० को एसइई परीक्षा राष्ट्रियस्तरमा गरिरहन आवश्यक नपर्ने शिक्षाविज्ञले आवाज उठाउँदै आएका थिए । सरकारले सङ्घीय शिक्षा ऐन जारी नभएको र बोर्डको प्रदेशस्तरमा संरचना तयार नभएकाले कक्षा १० को एसइईलाई निरन्तरता दिइ राष्ट्रियस्तरमा सञ्चालन गर्दै आएको थियो ।

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले पनि कक्षा १० को एसइई परीक्षालाई राष्ट्रियस्तरमा गरिरहन नपर्ने गरी प्रबन्ध गर्न सरकारलाई निर्देशन दिइसकेको छ । शिक्षा ऐन, २०२८ (आठौँ संशोधन), २०७३ कार्यान्वयनमा आएपछि तत्कालीन उच्चमाध्यमिक शिक्षा परिषद् खारेज भई राष्ट्रिय परीक्षा बोर्डमा रुपान्तरण भएको थियो । बोर्डले कक्षा १० देखि १२ सम्मको परीक्षासम्बन्धी कार्यलाई क्षेत्राधिकार भित्र आबद्ध गर्दै आएको छ । विगतमा प्रवेशिका परीक्षा (एसएलसी) भनिने सो परीक्षाको थालनी नेपालमा विसं १९९० बाट शुरु भएको हो । बोर्ड मातहत हालसम्म कक्षा १० तथा कक्षा ११ र १२ का लागि अलगअलग परीक्षा नियन्त्रण कार्यालय सञ्चालित छन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सङ्घीय संसद्मा पेश हुने सङ्घीयताअनुरुपको शिक्षा ऐन तर्जुमाका लागि हाल कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा छलफल भइरहेकाले सो नयाँ ऐन पारित भएपछि माध्यमिक शिक्षाको कक्षा १० अन्तिम परीक्षाका सम्बन्धमा दीर्घकालीन रुपमा नयाँ व्यवस्थापन हुने बताउनुभयो । गत चैत ६ गतेदेखि एसइई सञ्चालन हुने गरी कार्यतालिका प्रकाशन गरी सबै तयारी पूरा भएकामा कोरोना संक्रमणको अवस्थालाई दृष्टिगत गरी कोरोना सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको गत चैत ५ गतेको निर्णयानुसार स्थगित भएको थियो ।

शिक्षा मन्त्रालयले परीक्षाका विकल्पबारे सुझाव दिन बोर्डका अध्यक्ष डा चन्द्रमणि पौडेलको संयोजकत्वमा समिति गठन गरेको थियो भने उक्त सुझावलाई मन्त्रिपरिषद्मा पेश गर्नुपूर्व सहसचिव दीपक शर्मा संयोजक रहेको कार्यदल गठन गरेको थियो । रासस


## मनराशिसवा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मनरा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७७/०३/०७

उपरोक्त बिषयमा यस कार्यालयको तर्फबाट मिति २०७७/०१/२९ गते जनकपुर टुडे राष्ट्रिय देनिक पत्रिकामा प्रकाशित सूचना अनुसार नगरपालिकाको निर्माण कार्य सम्बन्धि बोलपत्र तपसिल बमोजिमका कार्यको लागि दर्ता हुन आएको सिलबन्दी बोलपत्र न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही देखिने आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

| ठेक्का.न. | कामको विवरण | सारभूत प्रभावग्राही फर्म | मू.अ.कर बाहेकको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| MUN/MAN-SIW/MOH/NPC/School-01/076/77 | प्राबिधिक शिक्षालयको लागि दुर्गा क्यामपस वडा न.०१ मनरा | श्री बि.के.बि. कन्स्ट्रक्सन एंड सप्लायर्स, कमलामाई न.पा.-०४, सिन्धुली | रु.४३,२९,७३३।८० | |

प्रमुख प्रशासकिय अधिकृत

## औरही गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
देउरी परवाहा, धनुषा

प्रदेश नं. २, नेपाल

## आशयपत्र सम्बन्धी सूचना

प्रकाशित मिति २०७७/०३/०५

यस कार्यालयको विभिन्न विकास निर्माण सम्बन्धि बोलपत्र आव्हानको सूचना मिति २०७७/०२/१७ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक खुल्ला रुपमा प्रकाशन भई तोकिएको म्याद भित्र दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको सिलबन्दी बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २,३ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विरण | ठेगाना | ठेगाना बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १ | TB02/076/077 | Invitation for Bids for procurments of fabricated steel parts for trail bridges. | औरही गा.पा. | सी.जी. इन्जिनियरिङ्ग इन्डस्ट्रीज, बुटबल | रु. १३,४३,६३६.९० |
| २ | ARM/NCB/R/05/ 076/077 | चौधरी पोखरी देखि सोनार पोखरी सम्म मुल सडक पि.सि.सि. ढलान कार्य | औरही गा.पा. वार्ड नं. १ | रिमा निमार्ण सेवा जनकपुर ४ | रु. २१,५८,५३३.३० |

प्रमुख प्रशासकिय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥


## सम्पादकीय

# रेल चाँडो चलाउ

नेपालको एकमात्र रेल बन्द भएको वर्षौं भइसक्यो ।४ वर्ष पूर्व नै भारतको जयनगरदेखि जनकपुरधामको कुर्था सम्म ३५ किलोमिटरमा रेल सञ्चालन हुनुपर्ने थियो ।तर हाल सम्म रेल सञ्चालन हुन सकेको छैन् ।नैरोगेज रेललाई विस्थापितगरि भारत सरकारको सहयोगमा ब्रोडगेज बनाइएकोछ ।रेलको पुरानो स्लिपर हटाएर नयाँ हाल्न मधेश आन्दोलनको कारण ढिला हुन गयो ।मधेश आन्दोलनपछि निर्माण काम सुरु भएपनि ठेकदार कम्पनीको ढिलाइले समयमा निर्माण पुरा हुन सकेन् ।हाल सम्मपनि ठेकदार कम्पनीले रेल निर्माणको कार्यलाई जारी राखेपनि पुरा भएको छैन् ।पहिलो चरणको निर्माण कार्य जयनगरदेखि कुर्था सम्मको खण्डमा अधिकांश काम पुरा भएकोछ ।तर रेल सञ्चालनका लागि अझै धेरै काम गर्न बाँकी नै छ ।रेलवेको क्रसिंग, स्टेशन घरमा पानी, शौचालय लगायतको व्यवस्था भएको छैन् ।रेलको लिक, स्टेशन घर लगायतका सम्पूर्ण पूर्वधारको काम भारतीय सहयोगमा भएपनि रेलको इञ्जिन र बोगीहरु नेपाल सरकारले आफै भारतसित खरिद गरेकोछ ।नेपालमा रेल चलेको इतिहास पुरानो रहेपनि नेपालमा रेल निर्माण तर्फ काम कहिल्यै भएन् ।बृटिशकालदेखि नै नेपालमा रेल भारतीय सहयोगमा नै सञ्चालन हुँदै आएकोछ ।हाल जयनगरदेखि कुर्था सम्मको ३५ किलोमिटर रेल मार्ग र त्यस क्षेत्रमा आवश्यक पूर्वधारहरुको निर्माण भइसकेकोछ ।दोस्रो चरणको कुर्थादेखि महोत्तरी जिल्लाको भँगहा सम्मको १७ किलोमिटर रेलमार्गमा काम भइरहेकोछ ।लकडाउनमा पनि काम जारी नै रहेकाले करिब ८ किलोमिटर सम्म ब्लास्ट(ढुंगा) हाल्ने, स्लिपर र लिक ओछ्याउने काम भएकोछ ।काम जारी नै रहेको अधिकारीहरुले जनाएकाछन् ।तेस्रो चरणमा भँगहादेखि बर्दिबास खण्डको १७ किलोमिटरमा रेल चलाउने काम हुनेछ ।रेल विभागका अधिकारीहरुका अनुसार भारतबाट खरिद गरिएको इञ्जिन र बोगीहरु भारत बिहार राज्यको सोनपुर स्टेशनमा राखिएकोछ ।इञ्जिन र बोगीहरु लकडाउन सुरु भएलगतै त्यहाँ ल्याएर राखिएकोछ ।रेलवेका प्राविधिक पक्ष पुरा भइसकेको र रेल सञ्चालनको तयारीमा छ ।तर नेपालले रेल सञ्चालनका लागि प्राविधिक र प्रशासनिक कर्मचारीहरु हाल सम्म बहाल गरेको छैन् ।कर्मचारी नै हुँदा रेल सञ्चालन हुन सक्दैन् ।रेल विभागले नयाँ कर्मचारी भर्ना गरी उनीहरुलाई प्रशिक्षणको व्यवस्था मिलाएको छैन् ।भारतीय प्राविधिकहरु नेपालमा रहुञ्जेल भारतीय रेलवेको तलब अनुसार भारतीय मुद्रामा नै उपलब्ध गराउनुपर्छ ।त्यस अतिरिक्त उनीहरुलाई विभिन्न भत्ताहरु दिनुपर्ने हुन्छ ।स्वभाविक रुपमा त्यो नेपालका लागि महँगो हुनेछ ।हाल रेल सञ्चालन नभएको अवस्थामा कर्मचारी भर्ना गरी उनीहरुलाई भारतीय रेलवेको सहयोगमा प्रशिक्षणको व्यवस्था मिलाएको भए लामो समय भारतीय चालक र प्राविधिकहरुलाई राख्नुपर्ने थिएन् ।नेपाल सरकारले रेल चाँडो सञ्चालन गर्न इच्छुक नै रहेको देखिदैन् ।नेपालमा रेल चाँडो गुडोस भने सबैको चाहनाछ ।

# प्रधानमन्त्री ओलीको शासन

देशकाल



किशोर नेपाल

*प्रधानमन्त्री ओलीलाई संसदमा कुन सांसदले के भन्यो ? त्यसको खासै मतलब रहँदैन । उनका लागि संसद भनेको खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो मात्रै हो । उनका नीति र त्यस अन्तर्गत चालेका कदमका बिरुध्द प्रदीप गिरि, मीनेन्द्र रिजाल, गगन थापा, राजेन्द्र महतो, प्रदीप यादब, राधेश्याम अधिकारी, डीला संग्रौला, प्रकाश रसाइली, झपट रावल, गजेन्द्र महत जस्ता दर्जनौं सांसदहरुले सत्य र इमानका पक्षमा आवाज उठाएका छ्न । प्रदीप गिरिले दोस्रो बिश्वयुध्दका समयमा प्रधानमन्त्री च्याम्बरलिनको अकर्मण्यताका बिरुध्द बेलायती संसदमा गुन्जिएको एमरी र चर्चिलको आवाज "इनफ इज इनफ" को उदाहरण दिएका छ्न ।*

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीलाई एक नम्बरका फटाहा नेताहुनभन्दासजाय भोग्नु पर्दछ भने त्यसका लागि यो स्तम्भकार तयार छ ।प्रधानमन्त्री ओलीले संसदलाई ढाँटने गरेका छन । राजनीतिमा लागेका मानिसको चरित्र बुझ्नु छ भने उसको बडी ल्यांग्वेज (शारीरिक भाषा)बुझ्नु आबश्यक हुन्छ । प्रधानमन्त्री ओली प्रतिनिधि सभा वा राष्ट्रिय सभाको बैठकमा बोल्नलाग्दा पहिले नाकमा हात पुर्‍याउँछन, नाक कोट्याउँछन वा सुम्सुम्याउँछन ।

बडी ल्यांग्वेजको अर्थ अनुसार फटाहा बोल्ने मानिसको आदत हो यो । प्रधानमन्त्री ओलीको राजनीति यस्तै कामबाट अघि बढेकोछ । उनमा संसदीय राजनीतिले मांगगर्ने विचार कौशल र गम्भीरता छैन ।

कम्युनिष्ट भएका नाताले होइन, देशमा अहिलेसम्म चल्दै आएको सामन्तवादी चरित्रको शासन ब्यबस्थाले, उनको चरित्रको निर्माण गरेकोछ । उनका लागि प्रधानमन्त्री हुनु भनेको नेपालका पहिलो महा-सामन्त अंशुबर्माको उत्तराधिकार सुमर्न पाएजस्तै हो । अंशुबर्मा लिच्छबीकालका शासक थिए । इतिहासमा यसै भनिएकोछ ।

प्रधानमन्त्री ओलीलाई संसदमा कुन सांसदले के भन्यो ? त्यसको खासै मतलब रहँदैन । उनका लागि संसद भनेको खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो मात्रै हो । उनका नीति र त्यस अन्तर्गत चालेका कदमका बिरुध्द प्रदीप गिरि, मीनेन्द्र रिजाल, गगन थापा, राजेन्द्र महतो, प्रदीप यादब, राधेश्याम अधिकारी, डीला संग्रौला, प्रकाश रसाइली, झपट रावल, गजेन्द्र महत जस्ता दर्जनौं सांसदहरुले सत्य र इमानका पक्षमा आवाज उठाएका छन ।

प्रदीप गिरिले दोस्रो बिश्वयुध्दका समयमा प्रधानमन्त्री च्याम्बरलिनको अकर्मण्यताका बिरुध्द बेलायती संसदमा गुन्जिएको एमरी र चर्चिलको आवाज "इनफ इज इनफ" को उदाहरण दिएका छन ।शक्ति र सत्ताको मातमा चुर्लुम्म डुबेका प्रधानमन्त्री ओलीलेइतिहासका ती घटनाको अर्थ बुझेका छैनन अथवा बुझ्न चाहेका छैनन ।

गगन थापाले बिस्तारमा कोरोना नियन्त्रणमा सरकारका बिफलताको बडो बुलन्द आवाजमा चर्चा गरेका छन । प्रधानमन्त्री ओलीका आफ्नै पार्टी नेपाल कम्युनिष्ट पार्टीका सांसद भीम रावलको आवाजले पनि उनलाई झस्काउन सकेको छैन । शिथिल र सत्रिय दुबैथरि सांसदले, स्पष्ट शब्दमा, प्रधानमन्त्रीलाई पटक पटक सचेत गराएका छन ।

तर, शक्ति र सत्ताको रवाफमा चुर्लुम्म डुबेका प्रधानमन्त्रीलाई देशमा आफू बाहेक अरु कोही जानकार नै नभएको भूठो अभिमानले थिचेकोछ ।

कोरोना महामारीको यो समयमा नेपाल सरकारका कार्यकारी प्रमुखका हैसियतले उनले वा उनका मन्त्री र कर्मचारीले गरेका निर्णयहरु बदनियतपूर्ण देखिएका छन ।

संचार माध्यमहरुले दिनहूँ वर्तमान सरकारका कर्तुतहरुको भण्डाफोर गरी रहेका छन । देशका जान्नेसुन्नेहरुको भनाई छ - भ्रष्टाचारको स्वरुप भयावह मात्र देखिएकोछैन, देशको भबिष्य नै संकटमा परेकोछ । सरकार भ्रष्टाचारको फोहरी खेलमा रमाएकोछ ।

तथ्यपरक र बिस्फोटक समाचारका खात लागेका छन । तिनलाई सरकारले जसरी पचाउने गरेकोछ त्यो आफैमा आश्चर्यजनक छ । जनता अन्तर्राष्ट्रिय महामारीसंग सन्त्रस्त रहेका समयमा प्रधानमन्त्री ओलीले संसदलाई ठट्टागर्ने थलोको रुपमा प्रयोग गरेका छन । उनका कथित उद्गार सुनेर मानिसको मन भरंग भएकोछ ।

कोरोनाले देशको मूल जरोको रुपमा रहेका जनतालाई प्रभावित गरि सकेकोछ । प्रधानमन्त्री ओली नाक सुम्सुम्याउँदै भन्दछन, भारतबाट संक्रमितको ओइरो लागेकोले मात्रै संक्रमितको संख्या बढेको हो । उनलाई थाह छैन, रोजगारीको खोजीमा लाखौंलाख नेपाली भारतमा छरिएर बसेका छन । उनीहरु त्यतिकै भारत गएका होइन होलान ।

प्रधानमन्त्री ओलीले गफ हान्न छाडेर देशभित्रै तिनको रोजगारीको ब्यबस्था गरे तिनको जीवनमा पनि हरियाली छाउँथ्यो होला । अर्कोतिर, नेपालीहरुको त्यत्तिकै लामो लश्कर तेस्रो देशहरुमारहेकोछ । ती देश आउन खोज्दैछन । सरकार अनेको बहाना बनाएर, अनेकौं बितण्डा मच्चाएर नेपालीलाई आफ्नो देश आउन निरुत्साहित गरी रहेकोछ । बैदेशिक रोजगारीमा जाने नेपालीले कमाइदिएको पैसाले देश चलाएको डींग हाँक्ने बर्तमान सरकारमा परिस्थितिको मूल्यांकनगर्ने क्षमता नै छैन ।

ती नेपाली देश आउन पाएनन भने के होला ? यो बिषम अवस्थाको परिकल्पना अहिले नै नगरी हालौं । यसको अर्थ धेरै गहिरोछ ।

जसको नेतृत्वमा सिंगो देश भ्रष्टाचारमा आकण्ठ डुबेकोछ, त्यो ब्यक्ति देशको मामिलामा कति संवेदनशील हुनसक्छ ? यो कल्पनातीत कुरा हो । प्रधानमन्त्री ओलीको आदत नै अमानवीय छ । उनी जनताको मनमा कुतकुती लगाएर जिस्क्याउँछन ।

उनी जनतालाई केही दिन सक्दैनन । आत्मघाती सपना बाँडदछन । पेकिङ्गबाट कुनै दिन चुच्चे रेल काठमाडौं आउला । पोखरा र लुम्बिनी जाला । धनहुनेले रेल भ्रमणको स्वाद लेलान । यो त छँदैछ । अहिलेका लागि प्रधानमन्त्री ओलीले देशका खाद्यान्न अभाव भएका स्थानमा अन्नपात बितरण गरेर आफ्नो पुरुषार्थ सावित गरुन ।

नेपाली जनता कृतज्ञ हुनेछन । दुइ ठूला देशका बीचको धरापमा रहेको देशका जनता एक्काइसौं शताब्दीमा पनि सामान्य जीवन बिताउनका लागि आधारभूत आबश्यकताको खोजीमा रहेका छन । सरकार तिनैलाई जिस्क्याएर रमाउँछ । कति परपीडक सामन्ती प्रबृत्ति !

पाँचबर्ष अघि २०७२ सालको पहिलो महिनामा गएको भुईंचालोले मध्य नेपालमा जन-जीवन ध्वस्त बनाएको थियो । भुईंचालोले जनताको मनमा बनाएको त्यो घाउ अहिलेसम्म पुरिएको छैन । फेरि, अहिले २०७७ सालमा, कोरोना महामारीले पहिलो पटक देशमा भोकमरी निम्त्याएकोछ ।

कोरोना प्रकोप फैलिएको महिना दिन नबित्दै पहाड र मधेश दुबैतिरका सीमान्तकृत बर्गका जनताको चुल्होमा आगो बल्न छोडेको थियो । सांसदहरुले साहू-महाजन गुहारेर जे जति राहत जुटाउन सके त्यो बितरण भयो । तर, स्थानीय सरकारहरुले आफूलाई चुन्ने जनताको हितमा काम गरेको देखिएन । धेरै जिल्लामा राहत पनि पार्टीगत हिसाबले बितरण भयो । स्थानीय प्रतिनिधिहरु भ्रष्टाचारमा लिप्त भए ।

राहतको पैसा राहतमा खर्च भएन । सरकार चलाउने नेपाल कम्युनिष्ट पार्टीले आफ्नो हातको डाडुपन्योआफैसम्म सीमित राखेका उदाहरण धेरै देखियो । प्रतिपक्षीहरुले राम्रै गरे कि उनीहरुले पनि आफ्नो आत्माको चित्कार सुनेनन ?यसै भन्न सकिदैन ।

नेपाल कम्युनिष्ट पार्टीले दुइतिहाइको सरकार बनाएकोछ । यो सरकारको छहारीमा रहेका ककसले राष्ट्रिय ढुकुटीमा हात फेर्न पाएका छन ? त्यसको बिबरण संचार माध्यममा थोरै आउला ।

तर, त्यसका सक्कली फिहिरिस्तकाठमाडौं शहरका गल्ली गल्लीमा पाइन्छन । देश सानो छ । कसले भ्रष्टाचार गर्‍यो ? यो देशमा भ्रष्टाचार गरेर धन कमाउने अवसर पाउनेहरु थोरै छन । यो सत्य हो । कुन साहूले के का लागि कति रकममा लाइसेन्स पायो ? त्यो सूचना सरकारको सम्बन्धित अंगसंग पनि हुँदैन । देशमा सरकारको महिमा र महत्व अचानक बढेको छ । भगवान पशुपतिनाथको भन्दा बढी । त्यसैले यहाँ जसले जे पनि गर्न सक्दछ ।

प्रधानमन्त्री ओलीले हालैमात्र राष्ट्रवादको मसान जगाएका छन । उनले सुदूर पश्चिममा रहेको भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुराको स्वामित्वसुगौली सन्धीदेखि नै नेपालमा रहेकोलेत्यसलाई आफ्नो नक्सामा मिलाएका छन । भारतका रक्षामन्त्री राजनाथ सिंहले कालापानी क्षेत्र हुँदै मानसरोवरजाने बाटो खोलेपछिको प्रतिक्रिया थियो यो । नेपालको "नव निर्मित" नक्सालाई संसदले पास गरी सकेकोछ ।

अब त्यो नक्सा प्रधानमन्त्री ओलीकै पुस्ताका नेपालीको पालामा कार्यान्वियन हुन्छ कि त्यतिका लागि तेस्रो बिश्व युध्द नै हुनुपर्नेछ ? यो कुरा समयले बताउनेछ । हो, संसारकै लागि समय बहुतै बलवान छ । कोरोना महामारीले फैलाएको संत्राशबाट सोझा जनताको ध्यान अन्यत्र मोडन यो "नव निर्मित" नक्सा कति प्रभावकारी हुनेछ ? त्यो भन्न सकिदैन ।

प्रधानमन्त्री ओलीको कूटनीतिको "कूट" अर्थ कालापानी क्षेत्र नेपालमा फिर्ता ल्याउनु होइन ।

राष्ट्रवादको उन्माद फैलाएर पार्टीमा र देशमा आफ्नो बर्चस्व कायमराख्नु नै उनको उद्देश्य हो । यतिबेला प्रधानमन्त्री ओलीका नेकपाभित्रका बिरोधी, प्रचण्डपथगामी, नेपाली कांग्रेस र मधेशवादी दल सबै "नव निर्मित" नक्साको जालमा फँसेका छन । राष्ट्रवादको मोहनी नामको परिबन्दमा फँसेकाछन नेपाली जनता।

दशौंसम्म कोरोनाले नेपाली भूमि ढपक्क ढाक्ने प्रक्षेपण गरी रहेका छन बिज्ञ चिकित्सक र बिशेषज्ञहरु । प्रधानमन्त्री ओली जानी जानी देशलाई बिनासको खाल्डोतिर धकेली रहेका छन । तै पनि, देशको कुनैपनि बर्गमा आबश्यक चिन्ता र चटारो देखिएको छैन । संसद सदस्यहरु बँधुवा मजदूर जस्ता छन ।

पार्टी अध्यक्षलाई सांसद पदको मूल्य चुकाएर जो आएका छन तिनलाई देशको मतलव छैन । जो टिकट पाएर निर्वाचित भएका छन तिनलाई आफ्नो निर्वाचन क्षेत्र बाहिर चियाउने फुर्सद नै छैन । यो परिस्थितिमा प्रधानमन्त्री ओलीलाई कसले चुनौति दिने ? किन चुनौति दिने ?यस्तोमा प्रधानमन्त्री ओलीलाई देशको के मतलव ? : "आमा मरी हाल्छिन, म पोइल गै हाल्छु ।"

# नागरिकता विधेयक, अंगीकृत नागरिकता र वैवाहिक सम्बन्धमा पर्ने असर



अमरनाथ मण्डल

नागरिकता विधेयकमा अंगीकृत सवालमा संशोधनको क्रममा विदेशी महिलासँग नेपाली पुरुषले विहे गरेपछि सात वर्ष पछि मात्र नेपाली नागरिकता पाउने नेकपाले आफ्नो निर्णय सार्वजनिक गरेका छन् ।

तसर्थ यसको असर कहाँ के कति पर्ने माथिको गम्भिर छलफल हुनुपर्ने अवस्थामा नेकपाको निर्णयले एउटा नागरिकता विधेयकका सवालहरुमा जटिलता थपिएका छन् ।

अंगीकृत नगारिकता संशोधन सवालमा राज्य राज्य व्यवस्था समितिबाट सर्वसम्मत आधारमा निर्णय नभएको कारण अहिले सो विधेयक रोकिएका छन् ।

मधेशी दल तथा नेपाली काँग्रेसको अडानहरु अंगीकृत वैवाहिक नागरिकता पहिले देखि दिइ आएको प्रावधानहरुलाई अहिले पनि लागु गर्नुपर्ने आफ्नो अडानमा रहेका छन् ।

वर्तमान परिस्थितिमा राज्यको शासक वर्गहरुद्वारा वर्षौ देखि मधेश र मधेशी माथि गरिएका विभेदीकरणको तान्डव नाचले गर्दा मधेशी, आदीवासी, जनजाति तथा थारु लगायत जातजातिहरु पिडाको सिकार बन्दै आएको हाम्रो सामु विदिदै रहेको छ ।

अधिकार प्राप्तिको लागि समय समयमा भएका आन्दोलनहरुको षड्यन्त्रपूर्वक विसर्जन गरी मधेशी समुदाय लगायत जनजाति तथा मुस्लिम समुदाय माथि विभेदीकरणको नितिलाई लाद्ने प्रयास गरेको देखिएको छ ।

यसै क्रममा नागरिकता विधेयकले अहिले चर्चा पाएको छ । एक वर्ष देखि पेन्डिङ्गमा रहेका नागरिकता ऐन २०६३ संशोधन विधेयक पेन्डिङ्गमा रहेकोले अहिले राज्य व्यवस्था समितिले विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेपछि सात वर्ष पछि मात्र अंगीकृत नागरिकता दिन सक्ने प्रस्ताव गरेको छ तर सो विवेकमा सहमति जुटेको छैन । राज्य व्यवस्था समितिमा मधेशी दलका नेताहरुको उपस्थिति विना नै सहमतिको निकास खोज्ने प्रयास गरेको कारणले गर्दा सहमति जुट्न नसकेको देखिएको छ ।

त्यस्तै नेपाली काँग्रेसले पुरानै व्यवस्था अर्थात विदेशीसँग विवाह गरेर आएपछि लगत्तै देखि नागरिकता लिनका लागि प्रक्रिया चाल्न मिल्ने व्यवस्था अघि बढाउन माग गरेका छन् ।

नेपाल र भारतको वैवाहिक सम्बन्ध देखि लिएर बेटीरोटीको सम्बन्ध तथा नङ्गमासुको सम्बन्ध वर्षौ देखि रहेको सन्दर्भ लिएर नेपालका ५० प्रतिशत हराहरीका जनसंख्या रहेका मधेश र त्यसमा बसोबास गरिरहेको मधेशी समुदायहरुको वैवाहिक परम्परा तथा गतिविधिहरु सदियौं देखि भारतसँग रहेको अवस्थामा प्रस्तावित नागरिकता संशोधन विधेयकले भारतीय अर्थात विदेशी महिलासँग नेपाली पुरुषले विवाह गरेपछि विवाह गरेको दिन देखि ७ वर्षसम्म विदेशी महिलाले नेपाली नागरिकता नपाउने सवालहरु उठिरहेको सन्दर्भमा यसबाट नेपाल र भारतमा वैवाहिक परम्परामा ठूलो असर पर्ने देखिन्छ ।

हाम्रो समाजमा वैवाहिक मान्यतालाई अमुल्य ठानी विवाह गरी ल्याएका महिलालाई स-सम्मान सामाजिक, धार्मिक तथा आफ्ना सम्पूर्ण जिवनको पूर्ण भागलाई मान्यता दिई परिवारिक हिस्सा तथा जिवनको साथीको रुपमा मानवीय जिवनलाई अगाडी बढाउन सहज वातावरणको सिर्जना गर्दछ ।

यसै अनुरुप अहिलेको वर्तमान अवस्थामा पुरुषले अधिकांश सम्पत्तिको भाग आफ्नो श्रीमतीको नाममा राख्ने गरेको तथा श्रीमतीलाई पनि वैवाहिक रुपमा श्रीमानको सम्पत्तिमा हक पाउने अधिकार नेपाल सरकारको नीतिगत आधार रहेको सन्दर्भ लिएर अंगीकृत नागरिकताले ७ वर्षसम्म विदेशी महिलाले नागरिकता नपाएपछि श्रीमान्को सम्पत्ति देखि लिएर छोरा छोरी समेतको नागरिकता बनाउने देखि लिएर व्यवस्थापन गर्न समेत अप्ठ्यारो हुने स्थितिको सिर्जना हुन्छ ।

राज्य व्यवस्था समितिले ७ वर्षसम्म प्रस्तावित गरेको सवालहरु लिएर अहिले सर्वत्र चर्चाको विषय नागरिकता विधेयकले पाएको छ ।

> वर्तमान परिस्थितिमा राज्यको शासक वर्गहरुद्वारा वर्षौं देखि मधेश र मधेशी माथि गरिएका विभेदीकरणको तान्डव नाचले गर्दा मधेशी, आदीवासी, जनजाति तथा थारु लगायत जातजातिहरु पिडाको सिकार बन्दै आएको हाम्रो सामु विदिदै रहेको छ । अधिकार प्राप्तिको लागि समय समयमा भएका आन्दोलनहरुको षड्यन्त्रपूर्वक विसर्जन गरी मधेशी समुदाय लगायत जनजाति तथा मुस्लिम समुदाय माथि विभेदीकरणको नितिलाई लाद्ने प्रयास गरेको देखिएको छ ।

तर अहिलेसम्म नागरिकता विधेयकले सहमति नजुटेपछि नागरिकता विधेयक पास नभएको कारणले गर्दा अहिले पनि समय छ । यस्ता विधेयक माथि राज्यको संचालन गर्ने नीति तथा निर्माताहरुलाई सोच्नुपर्ने अवस्था रहेको विधेयकले खास गरी भारतसँग वैवाहिक परम्परालाई ठूलो असर पुऱ्याउने अवस्थाको सिर्जना यदि विधेयक पास भएपछि गर्नेछ ।

नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक माथि २०७७ असार २ गते बुधबार समितिमा गृहमन्त्री राम बहादुर थापाले राजनीतिक सहमतिका लागि केही समय माग गरेका थिए । उनले यो विधेयक एक वर्ष देखि पेन्डिङ्गमै भएकाले अझै केही समय राजनीतिक तहबाट सहमतिका लागि आवश्यक रहेको बताएका थिए ।

एक वर्ष देखि नागरिक विधेयक पेन्डिङ्गमा नै छ । आज यो विषय टुंग्याउने भने झै थियो तर यसलाई सहमतिमा नै टुग्याउने जरुरी छ । सरकार र राजनीतिक तहबाट सहमतिमा टुंग्याउने भनिएको छ ।

यो विषयमा छिटो भन्दा छिटो टुंग्याउने गरी जानुपर्छ । गृहमन्त्री थापाले माथि २०७७ असार २ गते बुधबाार आफ्नो धारणा राख्नु भएको थियो ।

नेपाली काँग्रेसले पुराने अवस्थामा दिने वैवाहिक अंगीकृत नागरिकतालाई यथावत राख्ने आफ्नो पक्ष राखेको सन्दर्भ लिएर मधेशी दलहरु पनि अब हुने छलफलमा पुराने आधारमा वैवाहिक अंगीकृत नागरिकता दिने प्रावधान तिर विशेष जोड दिई सहमति ल्याउनु पर्ने देखिन्छ ।

यसको प्रमुख कारण के छ भने मधेशको अधिकांश जातजातिहरुको जातीय आधार भारतमा रहेको कारणले गर्दा जातीय आधारमा वैवाहिक परम्परालाई अगाडी बढाउने चलन तथा पौराणिक आस्था र विश्वास रहेकोले यदि यो विधेयकमा ७ वर्ष पछि अंगीकृत नागरिकता पाउने प्रावधानलाई संसदमा पास भएपछि नेपाल र भारतमा भइरहेको वैवाहिक परम्परामा ठूलो असर पर्नेछ ।

यसबाट मधेशी समुदायले पिडाको भागेदारी बन्ने अवस्था देखिन्छ ।

वर्षौ देखि विभेदीकरणको सिकार भोग्दै आएका मधेशी समुदायहरुले झन् एउटा कष्टदायकपुर्वक शासक वर्गहरुबाट नियोजित षड्यन्त्रको भागेदारी बन्ने छ ।

जसबाट भारतबाट मात्र होइन । अन्य मुलुकहरुबाट नेपालमा विवाह गरेर आउने महिलाहरुको अधिकार ७ वर्षसम्म बञ्चित रहने प्रस्तावित सोचलाई विसर्जन गरी राज्य व्यवस्था समितिले यस माथि पुर्नविचार गरी पुराने अवधारणा अनुसार वैवाहिक अंगीकृत नागरिकतालाई दिने प्रावधानलाई केही परिमार्जित गरी अगाडी बढाउनु पर्ने मनसाय सर्वसाधारणहरुको रहेको छ ।

मधेशी दलहरुको प्रमुख कर्तव्य र जिम्मेवारी रहेको अवस्थामा यस्ता विधेयक माथि गहन छलफल गरी भोलीका दिनमा पर्ने असरहरु माथि पुर्नविचार गरी विधेयकलाई सहमतिमा ल्याउनुपर्ने उन्मुख हुनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ ।

नत्र भोलीका दिनहरुमा विदेशी महिलाहरु नेपाली पुरुषसँग वैवाहिक परम्परामा गाँस्न समेत अप्ठ्यारो मान्ने परिस्थितिको सिर्जना हुन बेर लाग्ने छैन ।

यस्तो मानसिकताको उपजहरु सधैं मधेश विरोधी शासक मानसिकतामा वर्षौ देखि रहि रहेको कारणले गर्दा आज सम्पूर्ण मधेश पिडाको अनुभुति गरिरहेका छन् । राज्य प्रणालीमा तथा राज्य साझेदारीमा विभेदीकरणको अंशहरु थप्ने जानु सहन गर्ने अवस्था अब नरहेकोले यस्ता परिस्थितिले भोलीका दिनमा झन् अझै निरासको वातावरण सिर्जना गरी मधेशी समुदायहरुले झन् विभेदको सिकार बन्न पुग्नु बेर लाग्ने छैन ।

मधेशी दल तथा प्रतिपक्ष नेपाली काँग्रेस समेतले यस्ता सवालहरु माथि गम्भिर भई विचार गर्नुपर्ने अवस्था सिर्जना गर्नुपर्छ ।

तसर्थ नेकपा जस्तो बहुत पाएका पार्टीले सबै पक्ष सबै जातजातिको भावना बुझी भावनालाई अनुसरण गरी जनताको हितको सवालहरुमा आफ्नो अडानहरु राख्नु सन्दर्भ देखिएकोमा मधेशमा मधेशी जनताहरु खास गरी भारतमा जातीय आधारमा वैवाहिक सम्बन्धलाई सम्बन्धको वातावरण बनाउन वर्षौ देखि चलि आएको परम्परालाई सात वर्ष पछि नागरिकता दिने विदेशी महिला नागरिकहरु विवाह भएपछि आफ्नो अधिकार तथा सवालहरुमा अघात पुग्ने अवस्थामा उनीहरु खास गरी भारतीय महिलाहरु नेपाली पुरुषसँग वैवाहिक परम्परामा ठूलो बाधक पुग्ने देखिन्छ ।

अहिले राज्य व्यवस्था समितिमा निर्णय नभएको कारणले गर्दा नेकपाबाट सात वर्ष सम्मको नागरिकता नदिने निर्णयले एउटा अन्यौलको वातावरण सिर्जना भएका छन् ।

# राष्ट्रिय अभिलेखालय अन्योलबाट मुक्त



काठमाण्डु । प्राचीन अभिलेख, महत्वपूर्ण ग्रन्थ तथा दस्तावेज संरक्षण गरी राखिएको रामशाहपथस्थित राष्ट्रिय अभिलेखालयलाई सरकारले अन्यत्र स्थानान्तरण गर्न यसअघि गरेको निर्णय फिर्ता लिएको छ ।

मन्त्रिपरिषद्को गत असार २ गतेको बैठकले अभिलेखालय भवन सार्ने निर्णय पुनर्विचार गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले शुक्रबारको पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । ऐतिहासिक र राजनीतिक महत्वका दुर्लभ र अति महत्वपूर्ण सामग्री बचाउन शहरी विकास मन्त्रालयको प्रस्तावमा अभिलेखालय स्थानान्तरण नगर्ने निर्णय गरिएको उहाँले बताउनुभयो ।

निर्णयसँगै कार्यालय सार्दा पुरातात्विक एवं प्राचीन महत्वका वस्तुमा क्षति पुग्नसक्ने चिन्ता अन्त्य भएको छ । मन्त्रिपरिषद्ले विसं २०७१ वैशाख २४ मा राष्ट्रिय अभिलेखालयको कार्यालय रामशाहपथबाट अन्यत्र सारी त्यो जग्गा सर्वोच्च अदालतलाई दिने निर्णय गरेको थियो । निर्णयपछि सर्वोच्चले पटकपटक अभिलेखालय भवन खाली गर्न पत्राचार गर्दै आएको थियो । पुरातत्वविद्ले भने अभिलेखालय नसार्न पटकपटक सरकारसँग माग गर्दै आएका थिए ।

विसं १८६७ सम्म हनुमानढोका दरबारको एक कोठामा राखिएका सरकारी कागज सङ्कलन गरी चिताइ तहविल, वीर पुस्तकालय हुँदै २०२४ सालमा राष्ट्रिय अभिलेखालय स्थापना भएको हो । यहाँ सङ्कलित ग्रन्थ एवं वस्तुको अनुसन्धान गर्न विश्वका महत्वपूर्ण संस्था एवं व्यक्ति अभिलेखालयमा आउँछन् । अभिलेखालय भवन पुरातात्विक महत्वका सामग्री राख्न वातानुकूलित स्वरुपमा निर्माण गरिएको छ । विसं २०२४ मा भारत सरकारको सहयोगमा अभिलेखालयभवन निर्माणभएको हो । अभिलेखालयका निमित्त प्रमुख सौभाग्य प्रधानाङ्गा सातौं शताब्दीदेखि हस्तलिखितलगायत अन्य महत्वपूर्ण तथा दुर्लभ ग्रन्थहरू यहाँ सङ्ग्रह गरी राखिएकामा सरकारले पछिल्लो निर्णयले त्यसको भविष्य सुनिश्चित सकारात्मक रहेको बताउनुहुन्छ ।

आवश्यक वातावरण मिलाएर सङ्ग्रह गरी राखिएका सामग्री अन्यत्र सार्दा क्षति हुने सम्भावनाको जानकारी छ वर्षदेखि सरोकार भएका व्यक्ति तथा निकायलाई अभिलेखालयले गराउँदै आएको थियो ।

नेपालको इतिहास र संस्कृतिको अकाट्य स्रोतका रुपमा रहेका कैयौं विधासँग सम्बन्धित अभिलेख यहाँ छन् । सातौं-आठौं शताब्दीदेखि बीसौं शताब्दीसम्मका विभिन्न भाषा, लिपि र विषयसँग सम्बन्धित ग्रन्थ ताडपत्र, भोजपत्र, नीलपत्र, नेपाली कागज, थ्यासफु आदि अभिलेख यहाँ सङ्कलित छन् ।

अभिलेखालयमा पाँचौं शताब्दीका दश भूमिश्वर, सन् ८१० को उत्तरलिच्छवी लिपिमा लेखिएको स्कन्दपुराण, आठौंशताब्दीकेताडपत्रमालेखिएको सद्धर्मपुण्डरिका सूत्र, ११ औं शताब्दीको ताडपत्रमा लेखिएको विनयपिटक, १२औं शताब्दीको कारण्यव्यूहसूत्र, सन् १३८० को जयस्थिति मल्लको वैधानिक कानून 'न्यायविकासिनि', नेपाल संवत् २८ को आयुर्वेदसम्बन्धी ग्रन्थ लङ्कावतार, युनेस्कोको 'मेमोरी अफ द वर्ल्ड रजिष्ट्र' मा सूचीकृत नवौं शताब्दीको शैवतन्त्रसम्बन्धी ग्रन्थ निश्वासतत्वसंहिता आदि विश्वमै प्रसिद्धी कमाएका ग्रन्थ हुन् । संसारले नै गौरव गरेका र अमूल्य सम्पत्ति अभिलेखालयमा सुरक्षित रहेको निमित्त प्रमुख प्रधानाङ्गाले बताउनुभयो ।

अभिलेखालयमा करिब ३२ हजार हस्तलिखित ग्रन्थका मूल प्रति, करिब २० हजार अभिलेख, १० हजार तिब्बती ग्रन्थ, दुई लाख ग्रन्थका माइक्रोफिल्मका प्रति र लाखौंको सङ्ख्यामा अन्य दस्तावेज सङ्कलित रहेको उहाँले जानकारी दिनुभयो।कुमारीचोकको भूमिसम्बन्धी कागजात, पृथ्वीनारायण शाहको दिव्योपदेशको सक्कलप्रति, भूमिसम्बन्धीपुरानातमसुकलगायत सामग्री पनि अभिलेखालयमा सुरक्षित छन् ।

अभिलेखालयमा अध्ययनका लागि अनुसन्धानकर्ता तथा विद्यार्थी आउने र प्रतिलिपी माग गर्ने गरेका छन् । यसरी प्रतिलिपी माग गर्नेको सङ्ख्या प्रत्येक दिन वृद्धि भएको छ । आर्थिक वर्ष २०७४/७५ मा करिब चार हजार सेवाग्राहीले सेवा प्राप्त गरेका छन् । यसबाट करिब रु १० लाख राजस्व प्राप्त भएको अभिलेखालयले जनाएको छ । यहाँ भएका ग्रन्थका बारेमा राम्रो जानकारी नभए पनि उनीहरू विभिन्न माध्यमबाट सोधखोज गर्दै आउने गरेको बताउँछन् ।

यहाँ आउने अनुसन्धानदाताले अभिलेख र राष्ट्रिय अभिलेखालयको महत्वको बारे प्रचार गर्नुपर्ने, अभिलेख संरक्षणसम्बन्धी यथेष्ट जानकारी दिनुपर्ने र अध्ययन अनुसन्धानका लागि आउने स्वदेशी तथा विदेशी नागरिकलाई अभिलेखको उपलब्धता सहज बनाइनुपर्ने सुझाव दिने गर्दछन् ।

अभिलेख संरक्षण ऐन, २०४६ र नियमावली, २०६३ ले राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण कागजातलाई अभिलेखको रुपमा व्यवस्थित एवं सुरक्षित तरिकाले राख्ने कानूनी अधिकार प्राप्त एकमात्र सरकारी निकाय अभिलेखालय हो भनेको छ ।

ऐनअनुसार सरकारअन्तर्गतका कार्यालयमा सिर्जना भएका २५ वर्ष पुगेका राष्ट्रिय महत्वका कागजात अभिलेखालयमा पठाउनुपर्ने प्रावधान छ । यो कानूनी व्यवस्थाको ज्ञान नहुँदा वा ध्यान नदिँदा ती कागजपत्र नगण्य मात्रामा मात्र आउने गरेको अभिलेखालयकी अनुसन्धान अधिकृत मनिता न्यौपाने बताउनुहुन्छ ।

प्राप्त भएका अभिलेख पनि निकै जीर्ण र अव्यवस्थित रुपमा आउने गरेका उहाँको भनाइ छ । अभिलेखालयमा अभिलेख आउनुपूर्व सुरक्षित र संरक्षण होस् भन्ने उद्देश्यले महत्वपूर्ण कागजात धेरै हुने मन्त्रालय, विभाग र कार्यालयसँग समन्वय गरी ती निकायका प्रतिनिधिलाई सहभागी गराएर अभिलेख अध्ययन तथा व्यवस्थापनसम्बन्धी गोष्ठी तथा तालीम सञ्चालन गर्ने गरिएको छ ।

अभिलेखालयले व्यक्तिगत सङ्कलनमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा अन्य दृष्टिकोणले राष्ट्रिय महत्वका कागजात सङ्ग्रहमा वृद्धि गर्ने उद्देश्यले विभिन्न स्थानमा गएर अभिलेख जम्मा गरी दातालाई प्रोत्साहन र कदरस्वरुप प्रशंसापत्र दिने गरेको छ ।

अभिलेखालयले स्वदेश तथा विदेशमा रहेका नेपालसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका अभिलेख सङ्कलन गरी अन्तर्राष्ट्रिय सङ्कलन केन्द्रका रुपमा विकास गर्ने लक्ष्य लिएको छ । महत्वपूर्ण ऐतिहासिक महत्वका केही अभिलेख विभिन्न देशका अभिलेखालय तथा सङ्ग्रहालयको सङ्कलनमा रहेको छ । त्यस्ता अभिलेख सम्भव भएसम्म फर्काउने र नभए प्रतिलिपी ल्याउने प्रयास भइरहेको निमित्त प्रमुख प्रधानाङ्गाले बताउनुभयो ।

हालजर्मनी, अमेरिका, जापान, कोरिया, थाइल्याण्ड, चीन, भारत र बङ्गलादेशलगायत विभिन्न देशबाट अभिलेख अध्ययन तथा अनुसन्धानको माग हुँदै आएको छ । यस्ता अनुसन्धानदातालाई प्रोत्साहित गर्न सेवा प्रवाहको स्तरमा अझ व्यापक सुधार गरी अभिलेखालयलाई अनुसन्धान केन्द्रका रुपमा विकास गर्न आवश्यक देखिएको अभिलेखालयले जनाएको छ ।

जीर्ण अभिलेख संरक्षण गरी सेवाग्राहीको मागअनुसार अभिलेखमा भएका भाषा तथा लिपिको अध्ययन गरी भाषान्तर र लिप्यान्तर गर्ने काम निरन्तररुपमा भइरहेको बताइएको छ । आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्था गरी यसलाई अभिलेखको संरक्षणका अतिरिक्त यसै क्षेत्रको एक तालीम केन्द्रका रुपमा पनि विकास गर्न सकिने सम्भावना देखिन्छ ।

सङ्ग्रहित मूल दस्तावेजलाई सुरक्षित गरी देशका विभिन्न क्षेत्रको अध्ययन अनुसन्धान तथा सरोकार भएका निकायको सहज पहुँच पुऱ्याउन अभिलेखलाई विद्युतीय प्रतिमा लैजाने काम शुरु भएको छ । समयसँगै अभिलेखालयलाई श्रव्यदृश्य तथा विद्युतीय अभिलेख केन्द्रका रुपमा विकास गर्ने सोच रहेको अभिलेखालयको भनाइ छ । यो भवनसँगै पुराना कागजातको माइक्रोफिल्म गरेर सुरक्षित राख्ने अर्को भवन छ । यो भवन विसं २०५१ मा जर्मनी सरकारको सहयोगमा निर्माण भएको हो । हाल पुरातत्व विभाग रहेको भवनसमेत अभिलेखालयकै हो । विसं २०३० मा आगलागी भएपछि विभाग अभिलेखालयको भवनमा सारिएको हो । सरकारले सर्वोच्च अदालतका लागि अभिलेखालय पछाडिको क्याभलरी पूर्वको जग्गा उपलब्ध गराउने निर्णय गरेको पत्रकार सम्मेलनमा मन्त्री खतिवडाले सुनाउनुभयो ।रासस

# सुदूरपश्चिमका लागि पिसिआर किट हस्तान्तरण



काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) कोरिया शाखाले सुदूरपश्चिम प्रदेशका लागि शनिबार पिसीआर किट हस्तान्तरण गरेको छ । एनआरएन कोरिया शाखाका कार्यकारी निर्देशक राजेश रानाले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टमार्फत दुई हजार ५०० थान पिसीआर किट हस्तान्तरण गर्नुभएको हो ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा उक्त किट मन्त्री भट्टलाई स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहको उपस्थितिमा हस्तान्तरण गरिएको जनाइएको छ ।

सो क्रममा मन्त्री भट्टले सरकारीस्तरबाट भइरहेका काममा एनआरएनए र नीजि क्षेत्रलगायतबाट भइरहेको सहयोगले कोभिड-१९ नियन्त्रणमा सजिलो हुने बताउनुभयो ।

कोभिड-१९ को महामारीपछि भारतमा रहेका झण्डै चार लाख नेपाली सुदूरपश्चिम प्रदेशमा भित्रिएको बताइएको छ । त्यसैगरी मन्त्री भट्टको पहलमा ह्युमिनिटी फाउण्डेसन नेपालले खरिद गरेको पिसीआर मेसिन काठमाण्डुदेखि डडेल्धुरा पठाइएको छ । फाउण्डेसनले सुदूरपश्चिम र स्वदेश तथा विदेशमा रहँदै आएका समाजसेवी, व्यापारीलगायतका दाताबाटसङ्कलन गरिएको रकमले खरिद गरिएको मेसिन डडेल्धुरा अस्पताललाई हस्तान्तरण गरिने बताइएको छ । सुदूरपश्चिममा हाल एक मात्र पिसीआर मेसिनबाट कोभिड-१९ को परीक्षण भइरहेको छ ।रासस

# सरकारद्वारा अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह

काठमाण्डु । सरकारले अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आमनागरिकलाई पुनः आग्रह गरेको छ । कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी) को शुक्रबार बसेको बैठकले बाहिर निस्किनुपर्दा अनिवार्य मास्क प्रयोग गर्न र अनावश्यक भीडभाड नगर्न तथा भौतिक दूरी कायम गर्न आग्रह गरेको छ ।

बैठकले महामारी नियन्त्रणमा प्रदेश र स्थानीय सरकारले गरेका कामको उच्च मूल्याङ्कन गर्दै आगामी दिनमा थप समन्वय गर्दै लैजाने निर्णय गरेको केन्द्रका सदस्य एवं परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिनुभयो ।

बैठकले देशैभरका क्वारेन्टिनस्थललाई थप व्यवस्थित गर्दै लैजाने र त्यसको अनुगमन र सहजीकरणको काम प्रदेश सरकारले गर्ने, क्वारेन्टिनमा रहेकाको शीघ्र स्वास्थ्य परीक्षण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको राष्ट्रिय परीक्षण निर्देशिकाअनुसार गरेर त्यहाँ बसेको दुई हप्ताभित्र सक्ने निर्णय गरेको छ ।

सङ्क्रमण बढ्दै गएपछि थप आइसोलेसन केन्द्रको आवश्यकता पर्ने र त्यसको व्यवस्थान गर्न प्रदेश सरकारलाई आग्रह गरिएको उहाँले बताउनुभयो । कोरोनाको पिसिआर परीक्षण प्रयोगशालाको क्षमता बढ्दै गएको र शुक्रबार मात्रै छ हजार ३०० को स्वास्थ्य परीक्षण गरिएको मन्त्री ज्ञवालीले जानकारी दिनुभयो । परीक्षणको थप क्षमता बढाउनका लागि राष्ट्रिय परीक्षण निर्देशिकाअनुसार नमूना लिने र परीक्षण गर्ने निर्णय गरिएको छ ।

सम्बन्धित देशको सरकारले पनि खर्च नब्यहोर्ने र रोजगारदाता कम्पनीले पनि खर्च नब्यहोर्ने र आफ्नै खर्चमा फर्किन नसकी विदेशमा अप्ठ्यारो अवस्थामा परेका नेपाली श्रमिकको उद्धार गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई तत्काल निर्देशिका बनाउन निर्देशन दिने निर्णय गरिएको छ । साथै विदेशबाट स्वदेश ल्याइएका नेपालीको शव व्यवस्थापन गर्न श्रम मन्त्रालयलाई जिम्मा दिइएको छ ।

सङ्क्रमण बढ्दै गएको अवस्थालाई ध्यानमा राखेर स्वास्थ्य मन्त्रालयले तयार गरेको नयाँ स्वास्थ्य सामग्रीको समग्र आपूर्ति योजनालाई शीघ्र व्यवस्थापन गर्न स्वास्थ्य मन्त्रालयलाई आग्रह गर्ने निर्णय गरिएको मन्त्री ज्ञवालीले जानकारी दिनुभयो । कोरोनाको सङ्क्रमणका कारण स्वास्थ्य जोखिममा रहेका महिला, बालबालिका, वृद्धवृद्धा, फरक क्षमता भएकालगायत नागरिकको स्वास्थ्य परिक्षण र उपचारको व्यवस्था मिलाउन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिइएको छ ।

यसैगरी बैठकले विदेशस्थित नेपाली कूटनीतिक नियोगबाट काम गरेर स्वदेश फर्कनुपर्ने र नयाँ जिम्मेवारी सम्हाल्न जानुपर्ने कर्मचारी र उनका परिवारका सदस्यलाई जान छुट दिने निर्णय गरेको छ ।

साथै वैदेशिक रोजगारमा रहेर बिदामा नेपाल आएका र नयाँ रोजगारीका लागि विदेश जाने श्रमिकको हकका श्रम मन्त्रालय र विद्यार्थीको हकमा शिक्षा मन्त्रालयलाई सिफारिस गरेर उनीहरुलाई पठाउने निर्णय पनि गरिएको छ ।

बैठकले सङ्क्रमण बढ्दै गएको र नयाँ आइसोलेसन र क्वारिन्टन बनाउनुपर्ने आवश्यकतालाई ध्यानमा राखेर केन्द्रीय कोभिड-१९ कोषबाट रु ३५ करोड प्रदेश सरकारमार्फत सम्बन्धित पालिकालाई दिने निकासा दिने निर्णय गरेको छ । रासस

# गण्डकीका सात जिल्लामा ५८ सङ्क्रमित थपिए, ४३८ पुगे



पोखरा । गण्डकी प्रदेशका कास्की, तनहुँ, नवलपुर, गोरखा, म्याग्दी, स्याङ्जा र बागलुङमा गरी आज ५८ जना नयाँ कोभिड-१९ सङ्क्रमित थपिएका हुन् ।

प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले बिहान जारी गरेको पछिल्लो अद्यावधिक विवरण प्रदेश राजधानीसमेत रहेको जिल्ला कास्कीमा दुई, तनहुँमा २५, नवलपुरमा १६, गोरखामा पाँच, बाग्लुङमा आठ तथा म्याग्दी र स्याङ्जामा एक/एक जना सङ्क्रमित थपिएको निर्देशनालयका निर्देशक एवं प्रदेशमा कोरोना रोकथाम, नियन्त्रण एवं व्यवस्थापनका लागि गठन गरिएको उच्चस्तरीय निर्देशक समितिका प्रवक्ता डा विनोदविन्दु शर्माले जानकारी दिनुभयो ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, चितवनको भरतपुर अस्पताल र पोखरामा गरिएको परीक्षणअनुसार नयाँ सङ्क्रमण पुष्टि भएको जनाइएको छ । कास्कीको मादी गाउँपालिकाका ४१ वर्षीय पुरुष र १९ महिनाका बालिका छन् ।

तनहुँको ऋषिङ गाउँपालिकाका २८, २८, २८, ३७, २०, २३, २७, १९, १, २८, २०, ३३, २३, ३०, १६, २३, २३ २०, २३, २४, २८ ब्यास नगरपालिकाका २४ र २८ तथा शुक्लागण्डकी नगरपालिकाका ३५ र २२ वर्षीय पुरुष रहेका छन् ।

नवलपुरको बुलिङटार गाउँपालिकाका १७, ३६, ३०, ३७, २२, २०, ४१, ३३, २१, ३८ र २२ वर्षीय पुरुष, बौदीकाली गाउँपालिकाका ४७ वर्षीय पुरुष, मध्यबिन्दु नगरपालिकाका २५ र ४५ तथा विनयी त्रिवेणी गाउँपालिकाका २१ वर्षका पुरुष र देवचुली नगरपालिकाका १९ वर्षीय पुरुष छन् । त्यसैगरी गोरखाको भीमसेन गाउँपालिकाका ३६, ३३, २२, ३५ र २८ वर्षका पुरुष, म्याग्दीको मालिका गाउँपालिकाका ३० वर्षीय पुरुष तथा स्याङ्जाका पालिका नखुलेको २९ वर्षीय पुरुष रहेका छन् । बागलुङको काठेखोला गाउँपालिकाका २३, ३३, ३६, २४, ३४, ३९ र २२ वर्षका पुरुष तथा ३० वर्षीया महिला रहेका छन् ।

नयाँ सङ्क्रमित भारतबाट आएर सम्बन्धित जिल्लाको क्वारेन्टिनमा रहेका र अहिले सबै जनालाई जिल्लास्थित आइसोलेसन कक्षमा लैजाने तयारी भइरहेको निर्देशक शर्माले जानकारी दिनुभयो । गण्डकी प्रदेशमा हालसम्म मुस्ताङबाहेकका १० जिल्लामा सङ्क्रमण देखिएको छ । पछिल्लो अद्यावधिक विवरणअनुसार प्रदेशमा सङ्क्रमितको सङ्ख्या ४३८ पुगेको छ ।

हालसम्म स्याङ्जामा ७६, नवलपुरमा ११५, बागलुङमा ७४, पर्वतमा ४३, गोर्खामा ४१, तनहुँमा ६८, कास्कीमा १५, म्याग्दीमा चार तथा लमजुङ र मनाङमा एक/एक जना सङ्क्रमित छन् ।

हालसम्म ३९ जना विभिन्न अस्पतालमा उपचार पछि निको भएर घर फर्किएका छन् । एक जना सङ्क्रमितको भने मृत्यु भएको छ ।

प्रदेशमा हालसम्म आठ हजार ७५१ जनाको पिसिआर विधिबाट कोरोना परीक्षणका लागि नमूना सङ्कलन(स्वाब) लिइएकामा छ हजार ९१९ जनाको नतिजा नेगेटिभ आएको छ ।

प्रयोगशलामा अझै एक हजार ४५२ जनाको नतिजा आउन बाँकी रहेको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो ।रासस

# सङ्क्रमण नियन्त्रणमा ८९ लाख खर्च

चितवन । पूर्वीचितवनको राप्ती नगरपालिकाले कोरोना भाइरस सङ्क्रमण नियन्त्रणका लागि हालसम्म रु ८९ लाख ४३ हजार ४३० खर्च गरेको छ । नगरपालिका प्रमुख प्रभा बरालका अनुसार कोरोना संक्रमणको तीन महिनामा राहत सहित विभिन्न शीर्षकमा सो रकम खर्च भएको हो ।

राहतमा रु ६५ लाख ३१ हजार २५६, स्वास्थ्य सामग्री खरिदमा रु आठ लाख ९६ हजार ७६१ र क्वारेन्टिनका लागि रु दुई लाख ८२ हजार ६१२ खर्च भएको छ ।

यस्तै क्वारेन्टिनमा रहेको व्यक्तिको खाना, खाजा खर्चमा रु ७ लाख ४९ हजार २७०, सवारी चालकका लागि रु एक लाख २२ हजार ८३०, कोरोना बीमा रु एक लाख ३७ हजार ४२०, इन्धन खर्च रु ४१ हजार ४२, एम्बुलेन्स भाडा रु ३५ हजार २२० र अन्यमा रु एक लाख ४१ हजार नौ खर्च भएको उहाँले जानकारी दिनुभयो ।

जिल्लामा पहिलोपटक कोरोना सङ्क्रमित देखिएको स्थानीय तह भएकाले व्यवस्थापनमा चुस्त बनाइएको उहाँको भनाइ छ । कोरोना संक्रमणको समयमा भएको खर्चको कार्यपालिका बैठकले अनुमोदनसमेत गरेको बरालले बताउनुभयो ।

सो नगरपालिकामा १२१ जनाले क्वारेन्टिन अवधि पार गरेका छन् । उनीहरु १८ देखि २१ दिन क्वारेन्टिनमा बसेको उहाँले जानकारी दिनुभयो ।

क्वारेन्टिनमा बस्नेमा १३ जना महिला, १०१ जना पुरुष, तीन जना बालबालिका, दुई जना गर्भवती र दुई जना वृद्धवृद्धा रहेका छन् । राप्तीले छ हजार ५३२ लाई राहत वितरण गरेको जनाएको छ । १३ वटा वडा रहेको सो नगरपालिकामा ६४ हजार जनसङ्ख्या रहेको छ ।रासस


## श्री राधाकृष्ण सार्वजनिक पुस्तकालय

### जनकपुरधाम उ.म.न.पा वार्ड नं. १४ (मुजेलिया)

## शिलबन्दी कोटेशन (टेन्डर) आव्हानको सूचना

प्रकाशित मिति :- २०७७/०३/०७

यस श्री राधाकृष्ण सार्वजनिक पुस्तकालय जनकपुरधाम १४ मुजेलिया अधिनस्थ भोगचलनमा रहेको जि.ध.ज.उ.म.न.पा. वडा नं. १४ मुजेलिया सि.नं. १२७५-०५ कि.नं. २७ क्षेत्रफल १-६-२-० मा रहेको पुराना (अधिकारी पोखरी) र जि.ध.ज.उ.म.न.पा. वडा नं. १४ मुजेलिया सि.नं. १२७५-१५ कि.नं. ३३ क्षेत्रफल ०-२-३-२ र सि.नं. १२७५-१० कि.नं. ९२ क्षेत्रफल ०-९-१२-१ देवान पोखरीमा मिति २०७७ साल श्रावण १ गते देखि २०८२ साल असार मसान्त सम्म जम्मा ५ वर्षको लागि माछापालन गर्न छुट्टाछुट्टै पोखरीको ठेक्का दिनुपर्ने भएकोले लिन चाहने नेपाली इच्छुक व्यक्ति वा फर्मले यस सूचनाको तपसिलमा उल्लेखित सर्तहरुको अधिनमा रहि मिति २०७७ साल असार १९ गते शुक्रबार का दिन बेलुका ६ बजे सम्म सिलबन्दी कोटेशन फार्म पेश गर्नुहुन सर्वसधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. बोलपत्र फारम यस पूस्तकालयबाट रु. १५००/- (अक्षरेपी एक हजार पाँच सय मात्र) नगद तिरी मिति २०७७ साल असार ५ गते देखि २०७७ साल असार १९ गते बेलुका ५ बजे सम्म खरिद गर्न सकिने छ । सोको नगदी रसिद, धरौटी रकमको बैंक भौचर, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नं. एवम फर्मको कागजात सिलबन्दी कोटेसन साथ पेश गर्नु पर्ने छ । फारम शुल्कको रकम पछि फिर्ता हुने छैन ।
२. ठेक्काको न्युनतम मोल अधिकारी पोखरीको पाँच वर्षको लागि रु. ३०,१८,०००/- (अक्षरेपी तीस लाख अठारह हजार रुपैया मात्र) र देवान पोखरीको पाँच वर्षको लागि रु. ६,००,०००/- (अक्षरेपी छौ लाख रुपैया मात्र) निर्धारण गरिएको छ ।
३. ठेक्का बन्दोबस्त रितपुर्वक पर्न आएका शिलबन्दी कोटेशन फारमहरु मध्ये सबभन्दा बढि रकम अंक कबोल गर्नेको हुने छ ।
४. ठेक्का वापत ठेकेदार, व्यक्ति वा फर्मले अधिकारी पोखरीको लगि रु.२,५०,०००/- (अक्षरेपी दुई लाख पचास हजार मात्र) र देवान पोखरीको लागि रु. ६०,०००/- (अक्षरेपी रु. साठी हजार मात्र) धरौटी रकम **नेपाल इन्भेष्टमेन्ट बैंक लि. जनकपुर शाखामा श्री राधाकृष्ण सार्वजनिक पुस्तकालयको खाता नं.** ०१४०१०४०२५३६६६ मा जम्मा गरी सोको सकल भौचर वा रसिद कोटेशन साथ पेश गर्नु पर्नेछ ।
५. स्वीकृत ठेकेदार वा फर्मले ठेक्का भएको जानकारी पाए पछि १५ दिन भित्रमा पहिलो किस्ताको रकम यस पुस्तकालयको बैंक खातामा जम्मा गरि दास्रो किस्ताको रकम बराबर बैंक ग्यारेन्टी (BG) पत्र दिई सम्झौता गरि भोगचलन पुर्जी लिसक्नुपर्नेछ । अन्यथा सो नगरेमा ठेक्का बदर भई धरौटी रकम जफत गरी अर्को व्यवस्था समेत गर्न सकिनेछ ।
६. प्रत्येक किस्ता रकमको प्रत्येक आर्थिक वर्षको श्रावण महिनाको १५ गते भित्र बैंक ग्यारेन्टी (BG) पेपर पेश गर्नु पर्नेछ । उक्त आर्थिक वर्षको असार १५ गते भित्र किस्ता बुझाईसक्नुपर्ने छ । अन्यथा बैंक ग्यारेन्टी (BG) बाट दावि गरि असुल उपर गरिनेछ ।
७. ठेकेदार वा फर्मले स्वंम पोखरीको प्रत्येक वर्ष बिमा गराई सक्कल कागजात पुस्तकालयमा पेश गर्नुपर्ने छ ।
८. सम्पुर्ण ठेक्का रकमलाई पाँच बराबर किस्तामा पेश गर्नुपर्ने छ ।
९. शिल्ड कोटेशन स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार पुस्तकालयको कार्य समिति निहित रहने छ ।
१०. म्याद भित्र पर्न नआएको वा वेरित पुर्वक कोटेशन माथि कुनै विचार गरिने छैन ।
११. अस्वीकृत भएमा कोटेशन दाता वा फार्महरुको धरौटी रकम निर्णय भएको १५ दिन भित्र फिर्ता दिइनेछ ।
१२. स्वीकृत ठेकेदार वा फर्मको धरौटी रकम ठेक्काको म्याद समाप्त भए पछि पुस्तकालयको सम्पुर्ण बाँकी बक्यौता रकम बुझाएपछि फिर्ता दिइनेछ ।
१३. पर्न आएका शिलबन्दी कोटेशनहरु मिति २०७७ साल असार २० गते शनिवारका दिन दिउँसो १:०० बजे यस पुस्तकालयका पदाधिकारीहरु कोटेशन दाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । कोटेशन दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी कोटेशन तथा टेन्डर खोल्न बाँधा पर्ने छैन ।
१४. बाँकी अन्य शर्तहरु पुर्व ठेक्का अनुसार हुनेछ । विशेष जानकारीको लागि ९८४४१२२४४४, ९८४४०२१८९५ यस पुस्तकालयमा सम्पर्क गर्नुहोला ।

सचिव

# विवाहलाई एक वर्ष पछि सार्दै इटालीका अधिकांश युवाहरू

एएफपी

रोम । कोरोना भाइरस महामारी नभएकोभए यसै वर्षको जुन (आगामी) हप्ता आफ्नो केटा साथी सोनी कासिमिरीसँग विवाह गर्ने सोँच बनाएकी इटालीकी इलारिया कपुक्सिनोले आफ्नो विवाहलाई एक वर्ष पछि सार्ने विचार गर्नुभएको छ । इटालीमा कोरोनाभाइरसको महामारसिँगै आफूहरूले विवाहलाई एक वर्ष पछि गर्ने निष्कर्षमा पुगेको कपुसिओनीले बताउनुभयो । "हामी विवाह गर्न उत्साहित छौं तर महामारीका कारण साथीहरु र परिवारका सदस्यहरुको स्वास्थ्य र सुरक्षाको लागि पर्खनुपर्ने सबैभन्दा राम्रो सोच देखियो," ३२ वर्षीय कपुसिओनीले सिन्ह्वासँगको कुराकानीमा भन्नुभयो । हुनत यसका पछाडि धेरै कुरा छन् । कासिमिरी, ३३-वर्षीय, यस कुरामा सहमति नजनाउने कुरे भएन सँगै जीवन जीउने कसम खाएका उनीहरूबीच एक वर्ष पर्खिनलाई सहमति भयो । "हामीले आशावादी बन्दै महामारी अन्त्यका लागि पर्खियो तर महामारी लम्बिएपछि हामीलाई लाग्यो कि हामीसँग कुनै विकल्प छैन," उहाँले भन्नुभयो । मध्य इटालियाली फ्लोरेन्सको ठीक बाहिर, भाल डी आर्नोमा बसोबास गर्ने कपुसियुनी र कासिमिरीको निर्णय सम्पूर्ण इटलीभरि दोहोरिएको छ र यो बुझ्न सकिने छ। विवाहमा ढिलाई हुने कुनै वास्तविक राष्ट्रिय तथ्याङ्कहरू छैनन् तर सबै युवाहरूले केही ढिलो गर्ने निधो गरेका छन्। विवाहलाई ढिलो गर्नुमा एउटा त महामारीका कारण जमघटमा हुने समस्या हो भने अर्को स्वास्थ्य सङ्कटका कारण इटालीमा मृत्यु भएका मानिसहरूका कारण इटलीभर शोकमग्न समुदायको रमाइला गतिविधिमा औंधि



मोह देखिइसकेको छैन । विस्तारै सामान्य जीवनतिर फर्किने अभ्यास इटलीबासीहरूले गरेका छन्।

हालसम्म, नियमहरूले इटालियाली क्षेत्रबीच वा इटाली बाहिरबाट निषेधित यात्रालाई अहिले पनि निषेधित गरेको छ । विवाहमा पाहुनाहरूले मास्क लगाउनुपर्दछ र कम्तिमा दुई मिटर एक अर्काबाट टाढा हुनुपर्दछ।खाना बफेहरू, इटालियन विवाहको मुख्य आधार हो । यो प्रवृत्तिले क्याटरिङ, रेस्टुरेन्ट, फूल विक्रेता तथा अन्य व्यवसायहरू जसले वार्षिक १० अर्ब यूरो अर्थात् ११ अर्ब अमेरिकी डलर कर राज्यलाई तिर्ने गर्थे एउटा सङ्कटमा पर्ने देखिएको छ । "कोरोनाभाइरससम्बन्धी केही प्रतिबन्धहरू हटाइए पनि हप्तौं बितेको तालाबन्दी र प्रकोपबाट आएको सबै समाचारले मनोवैज्ञानिक छाप छोडेको इटालीको सेवा उद्योगको व्यवस्थापन निगरानी गर्ने संस्था प्रोन्टोप्रोका निर्देशक एलिस फिगारोलीले सिन्ह्वासँग भन्नुभयो, "धेरै जोडीहरूले यस्तो चुनौतीपूर्ण अवधिमा आफ्नो जीवनको सबभन्दा खुसीको दिन के हुनुपर्दछ भनेर योजना गर्न कठिन छ ।"सरकारले आफ्नो सुधार योजनामा विवाहका लागि केही प्रोत्साहन समावेश गरेको छ । सबैभन्दा ठूलो विवाह समारोहको २५ हजार यूरो अर्थात् एक त्रैमासिकको कर खर्च कर्जा उपलब्ध गराउँनेछ , जुन प्रोत्साहन जनवरी १, २०२१ पछि विवाह गर्ने दम्पतीलाई दिनेछ। सरकारले आर्थिक सङ्कटका समय फजुल खर्च जोगाउनका लागि पनि विवाहका कार्यक्रमलाई पछि सार्न प्रोत्साहित गरेको देखिन्छ । कर छुटका कारण धेरै जोडीले ढिलो विवाह गर्न तयार भएका तर्क पनि इटलीमा राखिने गरिएको छ । मिलानका इल्लारिया मेस्सा र मटिया बिफ्फीले भने सेप्टेम्बरमा हुने विवाहलाई ढिलाइ गर्ने निर्णयमा कर प्रोत्साहनले कुनै भूमिका नखेल्ने बताउनुभयो । उहाँहरूको शहर कोरोनाभाइरसका कारण निकै प्रभावित भएको तथ्य विवाह मिति सार्नुको मुख्य कारण हो भन्नुहुन्छ । सेप्टेम्बरको समयसम्म प्रकोपको स्थितिमा अवस्था अझ राम्रो देखिन सक्छ, तर हामी विवाहको बारेमा चिन्ता लिन चाहँदैनौं," ३६वर्षीया मेसाले अन्तर्वार्तामा भन्नुभयो । "हामी विवाहित पाहुनाहरुलाई हुने कठिन परिस्थितिमा टाढा राख्न चाहन्छौं।"

"विवाहजस्तो रमाइलो कार्य यो सङ्कटका समय गरिने उचित होइन ," ३४ वर्षीय बिफ्ले भन्नुभयो । यो समयमा विवाह निकै नरमाइलो हुने निष्कर्षसहित आफूहरूले विवाहलाई अर्को वर्ष सार्ने योजना रहेको बिफ्ले बताउनुभयो।

उहाँले थप्नुभयो,"कल्पना गरौं न हामीले विवाहको सम्झनाका लागि खिचिने भिडियो र तस्वीरहरूमा अनुहारमा सङ्क्रमण हुन नदिन लगाइने प्लाष्टिकका कभरहरू, मास्क, ग्लोब्सजस्ता सङ्क्रमणबाट सुरक्षाका लागि प्रयोग हुने सामग्रीहरू ।"

चालीस वर्षीया अन्ना मारिया पिरोज्जी र ३९-वर्षीया एन्टोनियो कोस्टालेभने सङ्कटको वेला भएपनि विवाहमा ढिलाई नगर्ने थोरै प्रतिशत अविवाहित युवा जोडीहरूको प्रतिनिधित्व गर्नुभएको छ । उहाँहरूले अझै पनि यस वर्ष विवाह गर्ने योजना बनाउनुभएको छ। तर विवाहलाई रोम बाहिर मात्रै गर्ने र यसमा आफूहरू सेप्टेम्बरमा विवाहको मिति कायम गर्ने निर्णयको पछाडि पारिवारिक अवस्था रहेको बताउनुभयो ।

प्रियोजीले भन्नुभयो, "हामी दस बर्ष भन्दा बढी समयदेखि सँगै छौं र हाम्रा दुई बच्चाहरू छन्, तर हाम्रा आमाबाबुले सधैं भन्नुहुन्छ कि उहाँहरू हाम्रो बिहे गरेको देख्न चाहनुहुन्छ । मेरी आमा र एन्टोनियोका बुबा दुबैको स्वास्थ्य अवस्था कमजोर छ त्यसैले हामीले निर्णय गरेको समय ठीक छ।"

"हामी विवाहको मितिलाई उत्सव मनाउने कारणको रूपमा हेर्दैछौं । यसमा संलग्न सबै उत्साहित हुनेछन् । कठिन परिस्थितिका वावजुद पनि हाम्रो विवाहमा रमाउने छन् ।"

एक चिकित्साकर्मीसमेत रहेकायुवा कोस्टाले कोरोनाभाइरस सङ्क्रमणको महामारीको समय ३० मा २८ दिन काम गरेको अनुभव साट्दै भन्नुभयो, "हो विवाहको योजनालाई थोरै कटौति गरेर भएपनि स्वास्थ्य समस्या केही कम भएपछि विवाह गर्नुपर्छ ।"

"हाम्रो वित्तीय स्थिति अहिले बढी कमजोर छ र त्यसैले हाम्रो योजनाहरूमा कटौति गरेका छौं," कोस्टाले भन्नुभयो ।

# इन्डोनेसियामा डुङ्गा दुर्घटना, कम्तीमा १० जना वेपत्ता

एएफपी

जाकार्ता । इन्डोनेसियाको पश्चिमी क्षेत्रमा डुङ्गा डुब्दा कम्तीमा १० जना वेपत्ता भएका बताइएको छ।

शनिबार इन्डोनेसियाली अधिकारीले सुन्डा स्ट्रेटमा भएको डुङ्गा दुर्घटना हुँदा कम्तीमा १० जना बेपत्ता भइरहेका र उनीहरूको खोजी कार्य जारी रहेको जानकारी गराएका छन् ।

डुङ्गा बान्टेन प्रान्तबाट राकाटा टापूतर्फ गइरहेको समय चाइल्ड क्र्याकाटाउ ज्वालामूखी नजिक पुग्दा डुबेको राष्ट्रिय खोज तथा उद्धार कार्यालयका प्रवक्ता युसुफ लाटिफले बताउनुभयो ।

हराइरहेका १० यात्रुको खोजीका लागि दर्जनौं उद्धारकर्मीहरू घटनास्थल पुगेको र खोजीकार्य जारी रहेको प्रवक्ता लाटिफले बताउनुभयो। घटनास्थलबाट अन्य छ जनालाई सकुशल उद्धार गरिएको थियो। इनडोनेसियामा पूराना डुङ्गा, बदलिइरहने मौसम र भारबहन क्षमताभन्दा बढी यात्रु बोक्ने गरेका कारण प्राय दुर्घटना हुने गर्दछन्।

# भारतमा सङ्क्रमितको सङ्ख्या तीन लाख ९६ हजारभन्दा बढी

एएफपी

देहरादून । भारत सरकार संघीय स्वास्थ्य मन्त्रालयका भारतमा शनिबारसम्म तीन लाख ९६ हजार १८२ जनालाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

भारतभर सङ्क्रमितमध्ये १२ हजार ९७० व्यक्तिको मृत्यु भएको छ । भारतमा निको भएर घर फर्किने सङ्क्रमितको सङ्ख्या दुई लाख १४ हजार २०९ रहेको छ । अझै उपचाररत सङ्क्रमितको सङ्ख्या एक लाख ६९ हजार तीन रहेको छ।

कोभिड-१९ सङ्क्रमितको सङ्ख्या बढेसँगै भारतको उत्तराखण्ड राज्यले देहरादून शहरमा ४८ घण्टा (दुई दिन) लामो बन्दाबन्दी (लकडाउन) गर्ने घोषणा गरेको छ । देहरादून शहरका प्रहरी उपरिक्षक स्वेता चोबेले बन्दाबन्दीको निर्णय पुष्टि गर्दै भन्नुभयो, "दहरादूनमा बन्दाबन्दी शुक्रबार साँझदेखि शुरू भई सोमबार बिहान ७ बजेसम्म कायम रहनेछ । उहाँले भन्नुभयो,



देहरादूनमा पछिल्ला केही दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या बढेपछि सङ्क्रमण रोकथाम र नियन्त्रणका साथै विरामीको व्यवस्थापनका लागि राज्य सरकारले ४८ घण्टा शहर बन्द गर्ने निर्णय लिएको हो ।

बन्दका समय अतिआवश्यक सामग्रीको आपूर्ति गर्ने सेवा, खाद्यान्न तथा तरकारी पसल, औषधि पसललगायतलाई भने यो निर्णय लागु हुने छैन ।

भारत सरकार संघीय स्वास्थ्य मन्त्रालयका अनुसार उत्तराखण्ठमा शनिबारसम्ममा कूल दुई हजार १७७ जना सङ्क्रमित भएका छन् । यसमध्ये एक हजार ४३३ जना निको भई घर फर्किएका छन् ।

भारत सरकार संघीय स्वास्थ्य मन्त्रालयका भारतमा शनिबारसम्म तीन लाख ९६ हजार १८२ जनालाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । भारतभर सङ्क्रमितमध्ये १२ हजार ९७० व्यक्तिको मृत्यु भएको छ ।

भारतमा निको भएर घर फर्किने सङ्क्रमितको सङ्ख्या दुई लाख १४ हजार २०९ रहेको छ। अझै उपचाररत सङ्क्रमितको सङ्ख्या एक लाख ६९ हजार तीन रहेको छ।

# मन्त्रालयले विश्वसनियता गुमायो : ब्राजिलका पूर्व स्वास्थ्यमन्त्री

एएफपी

साओ पाओलो । ब्राजिलमा कोभिड सङ्क्रमित र मृत्यु हुनेको सङ्ख्या अत्यधिक भएपछि पूर्व स्वास्थ्यमन्त्री लुइज हेनरिक म्यानडेटाले विज्ञानको नियम र अन्तर्राष्ट्रिय अभ्यास अनुसार



देशमा बन्दाबन्दीको तयारी गरिरहेका समय उहाँलाई पदबाट हटाइएको बताउनुभएको छ ।

राष्ट्रपति जाइर बोल्सेनारोले चिकित्सकसमेत रहेका ५५-वर्षीय स्वास्थ्यमन्त्रीसँग विवाद बढेपछि गत अप्रिलमा पदबाट हटाउनुभएको थियो । राष्ट्रपतिको यो कदमलाई तत्कालिन स्वास्थ्यमन्त्रीले भाइरससँगको लडाईंमा राष्ट्रपतिको प्रतिक्रियालाई अनियन्त्रित उत्तेजनाको संज्ञा दिनुभएको थियो । अहिलेसम्म ब्राजिल कोभिड-१९ का कारण विश्वको दोस्रो धेरै सङ्क्रमित र मृत्यु हुने मुलुक बनेको छ । शनिबारसम्ममा अमेरिकामा सबैभन्दा बढी २२ लाख ९७ हजार सङ्क्रमित र एक लाख २१ हजार १०७ जनाको मृत्यु भएको छ।

राष्ट्रपति बोल्सोनारोले म्यानडेटालाई हटाएपछि अर्का एक चिकित्सकलाई जिम्मेवारी दिनुभएको थियो तर उहाँले पनि एक महिनामा नै पदबाट राजिनामा दिनुभएको थियो। त्यसपछिस्वास्थ्य क्षेत्रको अनुभव नभएका सैनिक जनरल एड्वार्डो पाजुएलोलाई स्वास्थ्यमन्त्रीमा नियुक्त गर्नुभएको थियो ।

स्वास्थ्यमन्त्रीका रूपमा ख्यातिप्राप्त म्यानडेटाले एएफपीसँगको अन्तवार्तामा भन्नुभयो, पाजुएलोको स्वास्थ्य क्षेत्रको ज्ञान नहुँदा उहाँले विभिन्न २० सैनिकलाई स्वास्थ्य क्षेत्रका उच्च पदमा नियुक्त गरी आफ्नो उपस्थितिलाई बलियो बनाउने कोशिस भएपनि उहाँको र उहाँद्वारा नेतृत्व भएको स्वास्थ्यमन्त्रालयप्रति जनताको विश्वास गुमेको छ।

जसरी हामी चिकित्सकहरूलाई युद्धको जानकारी हुँदैन त्यसैगरी सैनिक जनरलले स्वास्थ्य क्षेत्रको यथेस्ठ ज्ञान नहुनु स्वभाविक हो । तर इतिहास नै यसबारे न्यायाधीश बन्नेछ । कोरोनाभाइरस सङ्क्रमित विरामीले वास्तविक कथा बताउनेछन् । यदि उनीहरूका भनाइलाई जस्ताको तस्तै प्रकाशित गरियो भने ।

पद्धतिलाइ परिवर्तन गर्दा जनताको विश्वास टुट्छ । अन्तिममा तपाईले जुन कुरा गर्न चाहेपनि त्यतिवेलासम्म मन्त्रालयको विश्वसनियता गुमिसक्छ । किनभने विश्वसनियता नै तपाईलाई अख्तियार दिने हो । तर दुर्भाग्यको कुरा उनीहरू (सरकारी अधिकारी) ले तथ्याङ्क, पारदर्शिता नदेखाउँदा उनीहरूले विश्वसनियता गुमाएका छन्।

ब्राजिलका विरामीका लागि हाइड्रोक्लोरोक्वीनको प्रयोग गलत भउको दावी गर्दै उहाँले भन्नुभयो, "हाइड्रोक्लोरोक्विनका प्रयोग यसको प्रयोगबारे वैज्ञानिक आधार पुष्टि भएपछि मात्रै गरौं भन्ने आफ्नो तर्क सैनिक पृष्ठभूमिबाट आएका राष्ट्रपति र स्वास्थ्यमन्त्रीका कारण असम्भव भयो । अहिले यसको प्रयोगबाट समस्या हुने देखिएपछि रोक्ने निर्णय गर्नुभन्दा पहिल्यै सावधानी अपनाउनु राम्रो हुने थियो।

# विदेशबाट चीन आपूर्ति हुने खाद्य सामग्रीको परीक्षणमा कडाई

एएफपी

बेइजिङ । चीनले विदेशबाट आपूर्ति हुने खाद्य सामग्रीमार्फत कोरोना सङ्क्रमण भित्रिएको आशङ्कामा परीक्षणलाई कडा पारेको छ ।

चीनको राजधानीस्थित एक मासु बजारबाट कोभिड-१९ सङ्क्रमण फैलिएको रिपोर्टसँगै खाद्य सामग्री (खासगरी सीफुड) को परीक्षणमा कडाई गरेको हो । चिनियाँ स्वास्थ्यविदहरूले पछिल्लो समय कोभिड-१९ सङ्क्रमित विरामीमा यूरोपमा कोरोना भाइरस सङ्क्रमित विरामीको जस्तो लक्षण भेटिएको उल्लेख गरिएको छ ।

चिनियाँ अधिकारीहरूले राजधानी बेइजिङको सिनफादी मासु बजारमा काम गर्ने वा व्यवसाय गर्ने व्यक्तिमा सङ्क्रमण भेटिएपछि वरपरका विद्यालय तथा वस्तीहरूलाई बन्दगरी त्यहाँका सयौं हजार नागरिकको कोरोना सङ्क्रमण परीक्षण शुरू गरेको छ ।

यसैबीच राजधानी बेइजिङमा थप २५ व्यक्तिमा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको र योसँगै दोस्रो चरणमा सङ्क्रमित हुनेको सङ्ख्या १८३ पुगेको छ । पछिल्लो चरणमा सङ्क्रमण भेटिएका विरामीको लक्षण यूरोपका विरामीको लक्षणसँग मिल्दाजुल्दा रहेको बताउनुभयो ।

# हाम्रो नियन्त्रणमा भारतीय सैनिक छैनन् - चिनियाँ विदेश मन्त्रालय

एएफपी

बेइजिङ । चिनियाँ विदेश मन्त्रालयले पूर्वीलद्दाख क्षेत्रको गलवान उपत्यकामा भारतीय सेनासँग भएको झडपका क्रममा हराएका भनिएका कुनै पनि भारतीय सैनिक चिनियाँ सेनाको नियन्त्रणमा नरहेको बताएको छ । विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजिआनले शुक्रबार चीन-भारत सीमाका बारेमा सोधिएको प्रश्नको जवाफमा भन्नुभयो, "चीनले कुनै पनि भारतीय सेनालाई नियन्त्रणमा लिएको छैन ।"

गत बिहीबार भारतीय विदेश मन्त्रालयले पनि गलवान उपत्यकामा चिनियाँ सेनासँगको भिडन्तमा कुनै भारतीय सेना बेपत्ता नभएको स्पष्ट गरेको थियो ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले साप्ताहिक ब्रिफिङका क्रममा गलवान उपत्यकामा भारतीय सैनिकहरु बेपत्ता नभएको बताउनुभएको छ । साथै भारतीय सेनासमेतले सबै भारतीय सैनिक सम्पर्कमा रहेको स्पष्ट गरेको छ।

चिनियाँ र भारतीय सेनाबीच भएको भीडन्तमा २० जना भारतीय सेनाको मृत्यु भएको थियो । लद्दाख क्षेत्रको सीमारेखालाई लिएर भएको द्विपक्षीय सम्झौतालाई दुबै पक्षले सम्मान गरेको अवस्थामा यस्तो दुर्घटना नहुने भारतीय पक्षको भनाइ छ।

# बङ्गलादेशमा सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा बढी

एएफपी

ढाका । बङ्गलादेशमा विगत २४ घण्टामा कोभिड-१९ सङ्क्रमण पुष्टि हुने विरामीको सङ्ख्या तीन हजार २४३ पुगेका स्वास्थ्य मन्त्रालय स्रोतले शुक्रबार जानकारी गराएको छ ।

बङ्गलादेशमा अघिल्लो दिन कोरोनाभाइरस सङ्क्रमण पुष्टि हुनेको सङ्ख्या तीन हजार ८०३ रहेको थियो।

"पछिल्लो तथ्याङ्क अनुसार बङ्गलादेशमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या एक लाख पाँच हजार ५३५ पुगेको छ भने मृत्यु हुनेको सङ्ख्या एक हजार ३८८ पुगेको छ," स्वास्थ्य मन्त्रालयका उच्च नसिमा सुल्तनाले बताउनुभयो ।

"विगत २४ घण्टामा कोरोनाभाइरस सङ्क्रमण पुष्टि हुनेको सङ्ख्या तीन हजार २४३ पुगेको छ भने ३२ पुरूष र १३ महिला गरी सङ्क्रमितको मृत्यु भएको छ," उहाँले भन्नुभयो ।

बङ्गलादेशमा विगत २४ घण्टामा देशभर कूल १५ हजार ४५ व्यक्तिको कोभिड-१९ सङ्क्रमण परीक्षण गरिएको थियो ।

यो समयमा दुई हजार ७४१ जना निको भई घर फर्किएसँगै अहिलेसम्म निको हुनेको सङ्ख्या ४२ हजार ९४५ पुगेको छ।

# बेलायतमा कोरोनाभाइरसको अवस्थामा सुधार, जर्मनीमा संक्रमित बढे

एएफपी

बर्लिन । बेलायतमा कोरोनाभाइरसको सङ्क्रमणमा कमी आएको जनाउँदै सरकारले यसअघि जारी गरेको चेतावनीस्तरलाई शुक्रबार घटाएको छ । अधिकारीहरुले बेलायतमा कोरोना महामारी नियन्त्रणमा आएको बताएका छन् ।

बेलायतको ज्वाइन्ट बायोसेक्युरिटी सेन्टरले यसअघिको श्रेणी चारबाट तीनमा झार्न सिफारिस गरेको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार श्रेणी चारमा रहेको मुलुक भन्नाले कोरोनाभाइरसको सङ्क्रमण उच्च रहेको हुन्छ भने श्रेणी तीनले महामारी सामान्य अवस्थामा पुगेको र नियन्त्रणमा ल्याउन सकिने अवस्थामा रहेको भन्ने जनाउँछ ।

बेलायतीस्वास्थ्य अधिकारीले



बेलायतमा कोरोना सङ्क्रमणमा व्यापक गिरावट आएको बताएका छन् । बेलायतमा कोरोनाभाइरसको सङ्क्रमणबाट सबैभन्दा बढी मानिसको मृत्यु भएको थियो । यहाँ ४२ हजारभन्दा बढी व्यक्तिको कोरोना सङ्क्रमणबाट मृत्यु हुनुका साथै तीन लाखभन्दा बढीमा कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

बेलायती स्वास्थ्य मन्त्री म्याट ह्यानककले भाइरस फैलिनेक्रममा व्यापक सुधार हुनुमा आमजनताको प्रतिबद्ध सहयोग मुख्य रुपमा जिम्मेवार रहेको बताउनुभयो ।

यसैबीच जर्मनीमा शुक्रबार एक महिनाको अवधिमा एकै दिन ठूलो संख्यामा कोरोनाभाइरस सङ्क्रमित व्यक्ति फेला परेका छन् ।

जर्मनीको रोग नियन्त्रण केन्द्र रोबर्ट कोच इन्स्टिच्यूटका अनुसार शुक्रबार एकै दिन ७७० जना नयाँ सङ्क्रमित व्यक्ति भेटिएका छन् । योसहित जर्मनीमा कूल सङ्क्रमित व्यक्तिको सङ्ख्या एक लाख ८८ हजार ५३४ पुगेको छ।

यसैबीच चीनले बेइजिङमा एकाएक देखिएको कोरोनाभाइरस नियन्त्रणमा आएको छ । बेइजिङमा करिब तीन लाख ६० हजारमा परीक्षण गर्दा २५ जना नयाँ संक्रमित भेटिएको स्वास्थ्य अधिकारीले बताएका छन् ।

बेइजिङमा गत साता १८३ जना नयाँ सङ्क्रमित भेटिएका थिए । चिनियाँ रोग नियन्त्रण तथा रोकथाम केन्द्रले केही विशेष क्षेत्रमा यस्ता सङ्क्रमणका घटना देखिनु सामान्य रहेको बताउँदै रोकथामका उपायलाई नजरअन्दाज गर्न नहुनेमा जोड दिएको छ।


## गणेशमान चारनाथ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विरेन्द्रबजार, धनुषा

## सिलवन्दी दरभाउपत्र स्वीकृतीको सूचना

प्रकाशित मितिः २०७७।०३।०७

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा सोलार, खेलकुद सामाग्री तथा फर्निचर लगायतका सामाग्री आपूर्तिको लागि मिति २०७७।०२।२० गतेका दिन आव्हान गरिएको सूचना अनुसार तोकिएको म्यादभित्र रीतपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मूल्याकंन समितिबाट मूल्याकंन भई देहाय बमोजिमका सिलबन्दी दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र न्यूनतम मूल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ एवं सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बोलपत्र नं. | कार्यको विवरण | सफल बोलपत्रदाताको नाम | कबोल अंक (मू.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | GCM/Goods/ 30/2076-77 | Procurement of Sports items | Ishita Traders, Janakpur 8 | 9,09,600.22 |
| 2 | GCM/Goods/ 31/2076-77 | Procurement of Furniture | Ishita Traders, Janakpur 8 | 12,66,165.00 |
| 3 | GCM/Goods/ 32/2076-77 | Procurement of Solar Street light | System and Energies, New road | 9,00,317.44 |

प्रमुख प्रशासकीय अधिकृत

# कर्णालीमा 'कम्ब्याट कोभिड-१९ प्रथम ई-कन्फ्रेन्स'




सुर्खेत । 'कम्ब्याट कोभिड-१९ एमडब्लुयु एक्स्पर्ट प्यानेल-२०२० '(सिसिएमइपी-२०२०)को प्रथम ई-कन्फ्रेन्स शनिबार कर्णालीमा सम्पन्न भएको छ । कन्फ्रेन्समा 'नेपालमा कोभिड-१९ को परिदृश्य र प्रवृति विश्लेषणमा वैज्ञानिक सङ्गोष्ठी' भएको छ ।

कार्यक्रमको शुरुआती चरणमा मध्यपश्चिम विश्वविद्यालयअन्तरगतएमआइसिडीका प्रोफेसर डा.दिनेश भुजुले कन्फ्रेन्स आयोजना र त्यसको उद्देश्यमाथि प्रकाश पार्नुभयो । उक्त बहसमा मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा.नन्दबहादुर सिंहले कोभिड-१९ को वर्तमान अवस्था र मप विश्वविद्यालयको भूमिकाबारे चर्चा गर्नुभयो ।

सो अवसरमा इन्जिनियर डा.राम आचार्यले नेपालमा कोभिड-१९ले वर्तमान अवस्थामा पारेको प्रभाव, यसको आगामी असर, चुनौति र संभावनाका विषयमा प्रस्तुति दिनुभएको थियो । त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्रका प्राडा. नारायण अधिकारी, नेपाल खुला विश्वविद्यालयका ईपिडिमियोलोजिष्ट प्राडा सुजनबाबु मरहट्टाले सोही सवालसँग सम्बन्धित रहेर यससँग जुध्ने रणनैतिक योजना र नविन खोजका बारेमा आफ्ना प्रस्तुतिहरु दिनुभयो ।

कार्यक्रमको समापनमा नास्टका उपकुलपति डा सुनिलबाबु श्रेष्ठ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा सञ्जय शर्माले विश्वव्यापीरुपमा सङ्कट बनाएको यो महामारीले मानव समुदायलाई नविन खोज तथा अनुसन्धान गर्न प्रेरित गरेको बताउनुभयो । नास्टका प्राडा गङ्गा श्रेष्ठले 'सङ्गोष्ठी' को सन्दर्भ र विषय समयानुकूल भएको जनाउँदे महामारीसँग जुध्न र भावी चुनौतिसँग सामना गर्न नयाँ सोच र विधिको विकास हुने तर्क गर्नुभयो ।

मध्य-पश्चिमाञ्चल विश्वविद्यालय (एमयू)को नेतृत्वमा गठित 'कम्ब्याट कोभिड-१९ एमडब्लुयु एक्स्पर्ट प्यानेल-२०२०' र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञान प्रतिष्ठान (नास्ट)को संयुक्त प्रयासमा आयोजित सो प्रथम कन्फ्रेन्समा विभिन्न प्रतिष्ठित संस्थासँग आवद्ध वैज्ञानिक तथा विज्ञले नेपालमा कोभिड-१९ को परिदृश्य र प्रवृति विश्लेषणसम्बन्धि प्रस्तुतिसहित विचार राख्नुभएको थियो ।

कन्फ्रेन्सले अहिलेको माहामारी, यसको प्रभाव र नेपालको भावी अवस्थाबारे गहन छलफल गर्ने, सम्बन्धित निकायसम्म सुझाव पुऱ्याउने र आम जनताको जिज्ञासा मेटाउने अपेक्षा मध्य-पश्चिम विश्वविद्यालयले गरेको छ ।रासस

## व्यवसायको पुनःरुत्थानका लागि 'रक्षा कोष'

पोखरा । गण्डकी प्रदेश सरकारले कोरोना महामारीका कारण प्रभावित व्यवसायको पुनःरुत्थानका लागि रक्षा कोष स्थापना गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/०७८ को बजेटमा उक्त कोष स्थापनाका लागि रु एक अर्ब विनियोजन गरिएको छ ।

कोषबाट कोरोना महामारीका कारण प्रभावित उद्योग व्यवसायलाई जोगाउन, टिकाउन र सुचारू गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको मन्त्री गुरुङले बताउनुभयो । स्वदेश तथा विदेशमा रोजगारी गुमाएका कोरोना प्रभावित युवालाई रोजगारी प्रदान गर्न तथा स्वरोजगार बनाउन आवश्यक सीप, पुँजी र प्रविधि उपलब्ध गराउन रु १८ करोड ४२ लाख बजेट व्यवस्था गरिएको मन्त्री गुरुङले बताउनुभयो ।

कोरोना लक्षित हुने गरी सङ्घ र स्थानीय तहको साझेदारीमा व्यावसायिक तथा सीप विकास तालीम केन्द्रमार्फत सञ्चालन हुने तालीमका लागि रु १० करोड ५० लाख र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम केन्द्रमार्फत सञ्चालन हुने तालीमका लागि रु नौ करोड ८९ लाख बजेट विनियोजन गरिएको छ ।रासस

# विस्थापित हुँदै परम्परागत 'हलो'

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-३ का किसान भरत चौधरीले पुर्खौदेखि खेत जोत्न प्रयोग हुँदै आएको 'गोरु जोत्न' छोडनुभएको छ । उहाँले जोत्नका लागि गोरुका ठाउँमा ' पावर टिलर' खरिद गर्नुभएको छ । भरतले कम श्रममै एकै पटक धेरै खेत जोतिने भएपछि गोरु बेचेर पावर टिलर खरिद गर्नुभएको हो ।

"गोरु पाल्नका लागि घरका एक जनाले घाँस काट्ने, खुवाउने र चराउने कार्यका लागि खट्नुपर्दथ्यो", उहाँले भन्नुभयो, "पावर टिलर खरिद गरेपछि गोरुको जस्तो स्याहारसुहार गर्नुपरेको छैन । गोरुले एक बिघा खेत जोत्न कम्तीमा तीन दिन लाग्ने गरेको थियो । पावर टिलरको प्रयोग गर्न थालेपछि तीन दिनको कार्य एक घण्टामै पूरा हुन थालेको छ ।"

खेत जोत्नेदेखि तरकारीका लागि बारी तयार गर्ने, रोपाइँका लागि खेत तयार गर्ने, सिँचाइका लागि पानी तान्ने र बारीमा उत्पादन भएका कृषिजन्य वस्तु बिक्री गर्नका लागि बजारसम्म लेजान पावर टिलरको सहयोग लिइने गरिएको छ । कृषियन्त्रको सहयोगले कृषि कार्य छिटो छरितो हुनुका साथै समयको समेत बचत हुने गरेको छ । कृषि उत्पादनमा समेत विगतको तुलनामा दोब्बरले वृद्धि हुन थालेको किसान रनु चौधरीले बताउनुभयो ।

"धान गहुँलगायत बाली विगतमा जनशक्ति परिचालन गरी चुट्नु पर्ने वा गोरुको सहायताले दाई लगाउनुपर्ने अवस्था हुन्थ्यो", उहाँले भन्नुभयो, "खेतबाट आँगनमा ल्याइएको बाली घर भित्र्याउनकै लागि एक महिना पर्खनु पर्दथ्यो । खेतमै पावर टिलर वा ट्र्याक्टरमा रिपर जडान गरी धान गहुँ काट्ने र थ्रेसरको सहायताले एक घण्टामै चुट्ने कार्य हुन थालेको छ ।" विगतमा कृषि कार्यमा मजदूरको प्रयोग गर्दा निकै खर्च हुने गरेको उल्लेख गर्दै आशिष चौधरीले भन्नुभयो, "अब कम लागतमै कृषिको उत्पादन लिन सकिने भएको छ । यो कार्य कृषियन्त्रको बढ्दो प्रयोगले सम्भव बनाएको छ ।" शुक्लाफाँटा नगरपालिकाको वडा नं ३ मा बसोवास गर्ने अधिकांश किसानले आधुनिक कृषियन्त्र तथा औजारको प्रयोग गर्दै आएका छन् । हातले चलाउने स्प्रेको ठाउँमा इलेक्ट्रिक स्प्रे प्रयोग गर्दै आएका छन् ।

गाउँका युवा विदेशिने क्रमले समेत किसानलाई कृषियन्त्रको प्रयोग गर्न बाध्य पारेको हो । हाल आधुनिक कृषियन्त्र र औजारको प्रयोगले विदेशिने युवासमेत स्वदेशमै खेती गर्नमा रुचि देखाउन थालेका छन् । सरकारले कृषिको उत्पादकत्व बढाई कृषि उत्पादनको लागत खर्चमा कटौती गर्नका लागि ५० प्रतिशत अनुदानमा कृषियन्त्रण उपलब्ध गराउन थालेपछि किसानले कृषियन्त्रको प्रयोगलाई बढावा दिन थालेका छन् । कृषिमा बढ्दो व्यवसायीकरणका कारणसमेत आधुनिक कृषियन्त्रको प्रयोग हुन थालेको छ ।

धेरै जग्गा भएकाले ट्र्याक्टर, कम जग्गा भएका किसानले पावर टिलर र मिनी टिलरको प्रयोग गर्दै आएका छन । सोलार सिँचाइ, कर्न सलेर, हार्भेस्टर, बीउ मल एकै साथ छर्ने आधुनिक मेशिन, ग्रेडिङ मेशिन, स्यालो ट्युबेललगायत प्रयोग गर्नेहरु बढ्दोक्रममा छन् ।

आधुनिक कृषियन्त्र तथा औजार सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा बिक्री वितरण गर्दै आउनुभएका चूडामणि जोशीले वार्षिकरुपमा पावर टिलर, मिनी टिलरलगायत मात्रै ३०० बढीको सङ्ख्यामा बिक्री हुने गरेको बताउनुभयो । "थ्रेसर मेशिन, रिपरलगायत कृषि औजारको माग बढीरहेको छ", उहाँले भन्नुभयो, "किसानले माग गरेबमोजिमका कृषि औजार तथा आधुनिक यन्त्र विगत एक दशकदेखि उपलब्ध गराउँदै आएका छौं ।" सुदूरपश्चिम प्रदेशमा सञ्चालित मुख्यमन्त्री नमूना कृषि गाउँ कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालन भएका ब्लक, पकेट र जोनलगायत कार्यक्रमअन्तर्गत किसानलाई कृषियन्त्र र उपकरण अनुदानमा उपलब्ध गराइदै आएका छन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत प्रत्येक पकेट क्षेत्रलाई रु पाँच लाखका दरले कृषियन्त्र र औजार खरिदका लागि अनुदान रकम उपलब्ध गराइदै आएको छ । एक सय ५५ वटा पटेकलाई सो रकम उपलब्ध गराइएको परियोजना कार्यालयका कर्मचारी रणबहादुर मल्लले बताउनुभयो । मुख्यमन्त्री नमूना कृषि गाउँ कार्यक्रमका लागि कैलाली र कञ्चनपुरका १५५ स्थानीय तहलाई रु ५० लाखका दरले चालु आवमा कृषिलाई आधुनिकीकरण गर्नका लागि अनुदानस्वरुप रकम उपलब्ध गराइएको उहाँको भनाइ छ ।

अन्न बालीसँगै तरकारी खेतीमा किसानले आधुनिक प्रविधि प्रयोग गर्न थालेपछि उत्पादनसमेत विगतको तुलनामा निकै बढेको छ । भारतबाट आयात हुने विषादीको अत्यधिक प्रयोग गरिएको तरकारीसमेत विस्थापन हुन थालेको छ । कृषि ज्ञान केन्द्र कञ्चनपुरका प्रमुख रामचन्द्र भट्ट कृषिमा बढ्दो व्यवसायीकरणले किसानको आयआर्जनमा वृद्धि हुनुका साथै युवालाई स्वरोजगार बनाउन मद्दत पुगेको बताउनुहुन्छ । "कृषिमा बढ्दो आधुनिक यन्त्र र औजारको प्रयोगले कार्य क्षमता बढाएको छ" उहाँले भन्नुभयो, "कृषिको लागत खर्चमा निकै कटौती भएको छ । व्यावसायिक खेतीका लागि खनजोत गर्न, चुट्ने, काटने र सिँचाइको व्यवस्था गर्न आधुनिक कृषियन्त्रको सहायता लिने गरिन्छ ।" उहाँका अनुसार जिल्लाका ६० प्रतिशत बढी किसानले आधुनिक यन्त्र र औजारको प्रयोग गर्दै आएका छन् ।

कृषियन्त्रको प्रयोगलाई अझै विस्तार गर्न सकिए उत्पादकत्व वृद्धि हुनुका साथै विदेशिने युवालाई स्वरोजगार बनाउन सकिने भएकाले यसका लागि कार्यक्रम अगाडि बढाउन नितान्त आवश्यक भएको उहाँको भनाइ रहेको छ । परम्परागत कृषिलाई व्यावसायिक बनाई रोजगारीका अवसर सिर्जना गर्न प्रदेश सरकारले योजनाबद्ध रुपमा कार्यक्रम अघि सारेको सुदूरपश्चिम प्रदेशसभा सदस्य महेशदत्त जोशीले बताउनुभयो ।

"जीवन निर्वाहमुखी कृषि हैन, अब यसलाई व्यावसायिक बनाइनुपर्छ", उहाँले भन्नुभयो, "हालै प्रदेशसभाबाट पारित बजेटमा समेत कृषि र स्वास्थ्यलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको छ ।" जग्गा बाँझो राख्न नपाइने गरी बाह्रै महिना खेती गर्नका लागि कार्यक्रम अघि सारिएको उहाँको भनाइ छ ।रासस

> **"गोरु पाल्नका लागि घरका एक जनाले घाँस काट्ने, खुवाउने र चराउने कार्यका लागि खट्नुपर्दथ्यो", उहाँले भन्नुभयो, "पावर टिलर खरिद गरेपछि गोरुको जस्तो स्याहारसुहार गर्नुपरेको छैन । गोरुले एक बिघा खेत जोत्न कम्तीमा तीन दिन लाग्ने गरेको थियो । पावर टिलरको प्रयोग गर्न थालेपछि तीन दिनको कार्य एक घण्टामै पूरा हुन थालेको छ ।"**

# निजी वनमा किसानको आकर्षण

भद्रपुर । झापामा धान खेत मासेर किसानले निजी वन लगाउन थालेका छन् । किसानले पछिल्लो समय निजी वनलाई बहुउत्पादनमूलक वनाएका छन् । जसबाट धान खेतीभन्दा बढी आम्दानी हुने गरेको छ । झापामा यस्ता किसानको सङ्ख्या ४३० पुगिसकेको छ ।

तीस वर्षदेखिको जुत्ता चप्पलको व्यापार छाडेर काठमाडौँबाट गाउँ फर्किएका कनकाई नगरपालिका-६ का शान्तिराज प्रसाईले चार बिगाहा धान खेतलाई निजी कृषि वनमा रुपान्तरण गर्नुभएको छ । उहाँले कृषि वनमा टिक, मसला, रक्तचन्दन र पाउलेनियाका विरुवा हुर्काउनु भएको छ । "दिनमा एकपल्ट वनमा नगई चित्त बुझ्दैन, हरियाली बढेको छ, चरा चिरबिराउँछन्," सात वर्षदेखि कृषि वनमा रमाउनु भएका उहाँ भन्नुहुन्छ, "धान मात्र बाली होइन, अरु फलफूल लगाउँदा त्योभन्दा धेरै आम्दानी हुन्छ भनेर यता लागेको हुँ ।" उहाँले हुर्किँदै गरेका ठूला रुख भएको वनभित्रै बेसार, केरा, मेवा, कागती, लिची, आप, अनारलगायत विभिन्न जातका फलफूलका बगैँचासमेत लगाउनुभएको छ । कृषि वनको जगेर्नाका लागि उहाँले पाथीभरा अर्ग्यानिक कृषि प्रोडक्सन प्रालि नामक संस्था दर्ता गर्नुभएको छ । "गर्दा हुँदोरहेछ, धान खेत मासेर कृषि वन शुरु गरे, सन्तुष्ट छु", उहाँले भन्नुभयो, "अब वनभित्रै कुखुरा र हाँस पनि पाल्ने तयारीमा छु । थोरै जमिनबाट बहुआयमिक उत्पादन गर्न सकिँदोरहेछ ।"

शिवसताक्षी नगरपालिका-५ लामाटोलका किसान दयानन्द दाहाल, कनकाई नपा-६ का मोहनप्रसाद सुवेदीलगायतका किसानले पनि धान खेत मासेर वनसँगै कृषिजन्य उत्पादन गरिरहनु भएको छ । गौरादह-६ का दुर्गा प्रसाई निजी कृषि वन व्यवसायी संस्थाको जिल्ला अध्यक्ष हुनुहुन्छ । उहाँले बुवाबाट अंशमा पाएको पाँच विगाहा जमिनमा धान खेत मासेरै कृषि वनको परियोजना सञ्चालन गर्नुभयो । उहाँको वनमा यतिबेला टिक र मसलालगायतका विरुवा हुर्किसकेका छन् भने वनभित्रै काँक्रा, फर्सी, करेला, कागतीसमेत फलाउनुभएको छ । उहाँले वनभित्रै पाडा र स्थानीय कुखुरा पाल्नुभएको छ । उहाँका दुई भाइले दाजुको सिको गर्दै कृषि वनसँगै व्यावसायिक माछापालन, बङ्गुर र पाडा पालेका छन् ।

झापा उद्योग बाणिज्य सङ्घका पूर्वउपाध्यक्ष मोहनप्रसाद सुवेदीले मुलुकमा जस्तोसुकै सङ्कट आउँदा पनि कृषि पेशा नै भरपर्दो र बलियो देखिएको बताउनुभयो । उहाँले धान लगाउँदा उत्पादन कम र मजदूर अभाव हुने बताउँदै किसानले धान खेत मासेर धमाधम कृषि वनका रुपमा विकास गर्न थालेको बताउनुभयो । कनकाई-६ मा उहाँको पनि निजी कृषि वन छ ।

नेपाल सरकारले निजी कृषि वनलाई थप प्रोत्साहन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा आधुनिक कृषि औजार वितरण गर्ने कार्यक्रम रहेको डिभिजन वन कार्यालय झापाका प्रमुख विष्णुलाल घिमिरेले बताउनुभयो । शुक्रवार कृषि ज्ञान केन्द्रका प्रमुख निलमणि साहसहित वनका कर्मचारी लिएर जिल्लाका निजी कृषि वन अनुगमनमा निस्कनु भएका घिमिरेले उनीहरुलाई विभिन्न जातका विरुवा वन कार्यालयले निःशुल्क प्रदान गर्ने जानकारी दिनुभयो । उहाँले कार्यालयले व्यावसायिकरुपमा काम गरिरहेका किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले आवश्यकता हेरेर दुईदेखि पाँच लाख रुपैयाँको कृषि औजार खरिदमा अनुदान दिइने बताउनुभयो । वनलाई बहुउत्पादनमूलक वनाउन कार्यालयले प्रोत्साहित गरिरहेको छ ।

केन्द्रका झापा प्रमुख निलमणि साहले निजी कृषि वनमा लागेका किसानलाई प्राविधिक सहयोग र फलफूलका विरुवा वितरण गरिने बताउनुभयो । उहाँले थोरै जमिनमा गरिने बहुआयामिक कृषि प्रणालीबाट धेरै आम्दानी गर्न सकिने बताउनुभयो ।रासस

# नारायणगढ-मुग्लिन सडकखण्डको पहिरो तीन दिन लगाएर पन्छाइयो

चितवन । नारायणगढ-मुग्लिन सडकखण्डको चारकिलोमा खसेको पहिरो तीन दिन लगाएर पन्छाइएको छ । बुधबार बिहान ४:१५ बजे खसेको पहिरो पूर्णरुपमा पन्छाएसँगै शुक्रबार साँझदेखि दुईतर्फी सवारी सञ्चालनमा आएका छन् ।



नारायणगढ-मुग्लिन सडक आयोजनाका सूचना अधिकारी ई. शिव खनालका अनुसार केही पहिरो पन्छाउँदै बेलाबेलामा एकतर्फी सवारी आवागमन गरिएको भए पनि पूर्णरुपमा पहिरो पन्छाएसँगै दुईतर्फीरुपमा सवारी आवागमन भएको हो । निरन्तर पानी परेपछि पहिरो खस्दा समस्या भएको थियो ।

पहिरोले सडकको ४५ मिटर लामो भाग ढाकेको थियो । दुवैतर्फबाट लोडरले पहिरो पन्छाइएको हो । सडकको छेउमा पाइप पन्छाउन बाँकी रहेको भए पनि सहजरुपमा दुईतर्फी आवागमन पुनः सञ्चालन भएको खनालले जानकारी दिनुभयो । पहिरो खसेसँगै सडक अवरुद्ध हुँदा सयौं सवारी सडकमा अलपत्र परेका थिए । सडक दुईतर्फी सञ्चालनमा आएसँगै सवारी गन्तव्यतर्फ लागेका छन् ।रासस

# आयातित तरकारी भान्सामा: स्वदेशी खेत बारीमै कुहिए

नवलपुर । पूर्वीनवलपरासीका किसानले उत्पादन गरेका लाखौं मुल्य बराबरका तरकारीले बजार नपाउँदा बारीमै कुहिन थालेका छन् । लामो समयको लकडाउन केही खुकुलो भएपनि यहाँ उत्पादन भएको तरकारी जिल्ला बाहिर ढुवानी हुन नसक्दा कृषक चिन्तित बनेका छन् ।

जिल्लामा उत्पादन हुने अधिकांश तरकारी नेपालगञ्ज, नारायणगढ, बुटवल, पोखरा, काठमाडौँलगायतका शहरमा बिक्री हुँन गर्दथ्यो । लकडाउन खुकुलो भएपनि यहाँका कृषकले उत्पादनलाई बजारसम्म पुऱ्याउन सकिरहेका छैनन् । जिल्लामा टमाटर, बोडी, घिरौंला, करेला, लौका, काँक्रा, फर्सी, चिचिन्डो, भिन्डी, सिमला मिर्च (क्याप्सिकन)लगायतका तरकारी धेरै उत्पादन हुने गरेको छ ।

प्रतिव्यक्ति १० बिघासम्म बारीमा व्यवसायिक रुपमा तरकारी खेती गर्दै आएका छन् । मध्यविनदु नगरपालिका-३ लेढाका जुगतबहादुर थनेतले ३५ कठ्ठा क्षेत्रफलमा लगाएको घिरौंला, लौका, काँक्रा, टमाटरलगायतका तरकारीले बजार नपाएको गुनासो गर्नुभयो । यस सिजनमा करिब रु चार लाख खर्च गरेको भएपनि तरकारी बिक्री नहुँदा घाटा हुने अवस्था आएको उहाँले बताउनुभयो ।

अघिल्लो वर्षमा खाद्यान्न बालीबाट भन्दा तरकारी खेतीबाट मनग्य आम्दानी भएपछि यस वर्ष पनि आफ्नो सबै खेतबारीमा तरकारी खेती गरेको उहाँको भनाइ छ । यहाँ अरुको जग्गा भाडामा लिएरसमेत कृषकले व्यवसायिकरुपमा तरकारी खेती गर्दै आएका छन् । अरुको बारीमा तरकारी खेती गर्ने कृषकलाई भने बैंकको ऋण कसरी तिर्ने भन्ने चिन्ता रहेको छ ।

कावासोती नगरपालिका-१७ गोछडाटारका कृषक रामेश्वर न्यौपानेले आफूले विभिन्न स्थानमा गरी पाँच बिघा जमिनमा व्यवसायिकरुपमा तरकारी खेती गरेको बताउनुहुन्छ । "बैंकबाट ऋण लिएरै भएपनि तरकारी खेती गरेको थिएँ" उहाँले भन्नुभयो, "अहिलेको अवस्थाले तरकारी बिक्री नहुँदा उत्पादन भएका अधिकांश तरकारी बारीमै कुहिन थालेका छन् ।" बिक्रीका लागि तयार भएका तरकारी भण्डारण गर्ने स्थानको अभावका कारणसमेत आफूले नोक्सान व्यहोर्नु परेको उहाँको भनाइ छ ।

"ताजा तरकारी टिपेर बजार पठाउन पाइएन भने दुई/तीन दिनमा कुहिन शुरु गर्छ" उहाँको गुनासो छ, "हाम्रो बारीमा उत्पादन भएका तरकारी बिक्री नभएको अवस्थामा भण्डारण गर्ने व्यवस्था हुन सके केही समय भएपनि ताजै राख्न सकिन्थ्यो ।" यस पटक उत्पादनमा घाटा भएपछि ऋण कसरी तिर्ने भन्ने समस्याले पिरोलिरहेको उहाँको भनाइ छ ।

कावासोती १३ का किसान सोमबहादुर विश्वकर्माको समस्या पनि फरक खालको छैन । उहाँले साढे दुई बिघा जमिन भाडामा लिएर करिब रु पाँच लाख लगानी गर्दै तरकारी खेती गर्दै आउनुभएको थियो । सामान्य अवस्थामा एक सिजनमै लगानी कटाएर रु तीन/चार लाख आम्दानी हुने अपेक्षा गरेको भए पनि लकडाउनका कारण लगानी समेत डुबेको उहाँले गुनासो गर्नुभयो ।

बारीमा उत्पादन भएको तरकारी केही दिन साइकलमै बोकेर गाउँघरतिर बेच्न हिँडेको भएपनि गाउँमा खासै बिक्री नहुने भन्दै उहाँले भन्नुभयो, "यत्रो धेरै तरकारी एक्लै बेचेर नसकिने भएपछि साइकलमा बेच्न हिड्न समेत छाडिदिएँ ।" यस पटकको तरकारी खेतीबाट अर्को पटकलाई बीऊ जोगाएर राख्ने काम बाहेक अन्य हुन नसकेको उहाँले बताउनुभयो ।रासस

# एक खर्ब ८५ अर्ब बढीका सात परियोजना स्वीकृत

काठमाण्डु । लगानी बोर्डले रु एक खर्ब ८५ अर्ब ४३ करोड बराबरका सातवटा परियोजनाको लगानी स्वीकृत गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार सम्पन्न बोर्डको ४४औं बैठकले पाँचवटा जलविद्युत् परियोजना र दुईवटा सिमेन्ट उद्योगका लागि उक्त रकम बराबरका सात परियोजना स्वीकृत गरेको हो ।

> **प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार सम्पन्न बोर्डको ४४औं बैठकले पाँचवटा जलविद्युत् परियोजना र दुईवटा सिमेन्ट उद्योगका लागि उक्त रकम बराबरका सात परियोजना स्वीकृत गरेको हो ।**

बैठकले ३२७ मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी जलविद्युत् परियोजना-२ का लागि रु ७८ अर्ब ६५ करोड, ४२.९ मेगावाटको आँखुखोला जलविद्युत् परियोजनाका लागि रु ६ अर्ब ३० करोड, ९७.२ मेगावाटको इसुवाखोला जलविद्युत्का लागि रु १३ अर्ब ५७ करोड, ५७.३ मेगावाटको म्याग्दी खोला जलविद्युत्का लागि रु १० अर्ब ३१ करोड र १६४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजनाका लागि रु २८ अर्ब ६ करोडबराबरको लगानी स्वीकृत गरेको हो ।

त्यसैगरी बैठकले दाङ सिमेन्ट इन्डस्ट्रिजका लागि रु ३२ अर्ब ५० करोड र सम्राट सिमेन्ट उद्योगका लागि रु १५ अर्ब ५ करोड बराबरको लगानी स्वीकृत गरेको बोर्डले जनाएको छ ।

बाँकेको कोहलपुर र कपिलवस्तुको वाणगङ्गामा सञ्चालन हुने २० मेगावाट स्टोरेज क्षमतासहितको १२५ मेगावाटका दुई छुट्टाछुट्टै सौर्य ऊर्जा परियोजनाको सार्वजनिक-निजी साझेदारीमा विकास तथा सञ्चालनका लागि अध्ययन गर्न राइजेन इनर्जी सिङ्गापुर जेभी पिटिई लिमिटेडलाई सर्वेक्षणको अनुमति पनि बैठकले दिएको छ ।

कोभिड-१९ का कारण नेपाल-चीन मैत्री औद्योगिक स्थल, दमक, मुक्तिनाथ केबलकार, मल्टिमोडल लजिस्टिक्स पार्क र प्राइभेट फ्रेट टर्मिनल एण्ड बल्क ह्यान्डलिङ फ्यासिलिटिज् परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन पेश गर्ने समयावधि बैठकले थप गरेको छ ।रासस

**श्री अखिलेश्वर नाथ आधारभूत विद्यालय अकौरा, विर्ता**

**नगराईन न.पा.वर्डा नं. ८, अकौरा**

**गोप्य डाक बढाबढको सूचना**

सूचना प्रकाशित मिति २०७७/०३/०७

जिल्ला धनुषा नगराईन न.पा. वर्डा नं. ८ अन्तर्गत संचालित श्री अखिलेश्वर नाथ आधारभूत विद्यालय अकौरा, बिर्ताको अधिन स्थान रहेका चतरा पोखरी १ (एक) धोबयाही पोखरी १ (एक) र डबरा पोखरी १ (एक) जम्मा पोखरी संख्या ३ (तिन) मा माछापालन गर्नका लागि गोप्य टेन्डर प्रक्रियाबाट मिति २०७७/०३/०७ देखी मिति २०७७/०३/२१ सम्ममा निम्नलिखित सर्तहरु बमोजिम टेन्डर खरिद गर्न सार्वजनिक रुपमा सूचना आव्हान गरिन्छ ।

शर्तहरु:-

१. गोप्य डाक बढाबढ गर्ने नेपाली नागरिक भए ५% र विदेशी भए १०% धरौटी राख्नु पर्ने छ ।
२. ठेक्का मिति २०७७ देखी २०८२ सम्म ५ (पाँच) वर्षको लागि हुने छ ।
३. ठेकेदारले वाली र पानीको सुरक्षा आफै गर्नु पर्नेछ ।
४. ठेक्का साकार गरेको रकमको हुन आउने किस्ता वर्ष पिच्छे जम्मा गरी चलन पुँजी लिनु पर्ने छ ।
५. ठेक्का साकार गरेको १५ (पन्ध्र) दिन भित्रमा पहिलो किस्ताको रकम जम्मा गरी चलन पुँजी लिनु पर्ने छ ।
६. ठेक्काको भोग चलन विद्यालयको आदेश वा निर्देशन बमोजिम हुने छ ।
७. ठेक्का बदर वा सदर गर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित रहने छ ।
८. कुने पनि किस्ताको म्याद नाघी सकेपछि विद्यालयले जुन सुकै बेला जुन सुकै कार्यवाही गर्न सकिन्छ ।
९. गोप्य डाक बढाबढको न्यूनतम बोल वार्षिक रकम रु. ३,५१,०००/- अक्षरेपी तीन लाख एकावन हजार हुनेछ ।
१०. डाक साकार गरेको पाँच वर्षको जम्मा रकमको धरौटी राख्नु पर्ने छ ।
११. टेन्डर प्रति रु. ११००/- हुने छ ।
१२. प्रकाशित भएको मिति देखी १५ औं दिनको २:०० बजे सम्म मात्र टेन्डर बिक्री हुने छ ।
१३. १६ औं दिनको २:०० बजे सम्म टेन्डर दर्ता हुने छ ।
१४. १६ औं दिनको ३:०० बजे टेन्डर खोलिने छ ।
१५. टेन्डर सबै ठेकेदारको वा प्रतिनिधिको रोहवरमा खोलिने छ तर ठेकेदार वा प्रतिनिधि उपस्थित नभएको खण्डमा टेन्डर खोल्ने कुनै बाधा अड्चन मान्य हुने छैन ।
१६. धरौटी रकम अन्तिम किस्तामा मिनाहा हुने छ ।

सम्पर्क नं. ९८०७८९३५९३, ९८१६८३५२३५

प्रधानाध्यापक

# नेकपाले नेपाल र भारतबीचको सम्बन्धलाई उजाड्न खोजेको प्रदेश सांसदको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ का सांसदले नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई विवाहको सात बर्षपछि अंगीकृत नागरिकता दिने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को निर्णयप्रति आलोचना गरेका छन् ।

प्रदेशका सांसदहरुले नेकपाले यो निर्णय गरेर नेपाल र भारतबीचको वैवाहिक र सांस्कृतिक सम्बन्धलाई उजाड्न खोजेको बताएका छन् ।

शनिबार बसेको प्रदेशसभा बैठकको शुरुमै समय लिएर बोल्दे केहि सांसदले नेकपाको यो निर्णय मधेशबिरोधी रहेको बताए । उनीहरुले राज्य व्यवस्था समितिलाई निर्देशन दिएर अधिकारभन्दा माथिको काम समेत नेकपाले गरेको बताए ।

सत्तासिन जनता समाजवादी पार्टीका सांसद मनिष कुमार सुमनले राज्य व्यवस्था समितिलाई प्रभावित गर्दै नेकपाले यस्तो निर्णय गरेको बताए । 'यो घोर महिला बिरोधी र मधेशीलाई लक्षित गरेर निर्णय गरिएको हो' उनले भने, "यो निर्णय सुधार गराउन प्रदेश सभाबाट प्रस्ताव पारित गराउनु जरुरी छ ।"



उनले भारतको बिहार र उत्तर प्रदेशबाट २६ लाख चेली विवाह गरेर आएको र यताका हजारौं हजार चेली पनि भारततर्फ विवाह गरेर गएको बताए । "यदी भारतलाई लक्षित गरेर यो कानुन बनाउन लागिएको छ भने यो हाम्रो वैवाहिक र सांस्कृति सम्बन्धलाई उजाड्ने योजना मात्रै हो' उनले भने, "सीता युगभन्दा पहिलादेखिको नेपाल भारतबीचको सम्बन्धलाई जोगाउनु जरुरी छ ।"

कांग्रेस सांसद शिबचन्द्र चौधरीले विवाह गरेर आएको ७ बर्षको बीचमा बच्चा जन्मियो र त्यहीं बीचमा महिलाका पतिको देहान्त भएमा महिलाले कसरी अधिकार पाउने ? भनी प्रश्न गरे । उनले कुनैराजनीति कारणले सम्बन्ध बिथोल्ने कार्य कदापी मान्य नहुने बताए ।

२०६३ को अन्तरिम संविधानको आधारमा वैवाहिक अंगीकृत नागरिकता उपलब्ध गराउनुपर्ने उनले माग गरे । उनले भने, "यो निर्णय रोकाउन यहाँबाट के के पहल थाल्नुपर्छ । थालिहालौं ।"

जनता समाजवादीकी सांसद चमेली देवी दासले बच्चाका आमा बुवाको जन्म दर्ता नभए बच्चाको जन्म दर्ता समेत नबनाउने गरिएको भन्दे यो दुःख ती महिलाका सन्तानले समेत भोग्नुपर्ने बताइन् । उनले यो निर्णय नसच्चिए सम्पूर्ण महिला आन्दोलनम उत्रिने चेतावनी दिइन् ।

जनता समाजवादी पार्टीकी सांसद रानी शर्मा तिबारीले विवाह गरेकी दिन महिलाका श्रीमान्को केहि भयो भने महिलालाई ठूलो समस्या हुने भएकाले यो निर्णय कदापी नमान्ने बताइन् ।

# बारामा तीन जनामा संक्रमण पुष्टि

**टुडे समाचारदाता**

कलैया । बारामा थप तीन जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

सिम्रौनगढ नगरपालिकाको क्वारेन्टिनमा बस्दै आएका तीनजनामा कोरोना संक्रमण पुष्टि भएको नगरपालिकाका स्वास्थ्य संयोजक राजेन्द्र साहले बताए ।

भारतको सुरतबाट फर्किएर आएका उनीहरु नगरपालिकाको क्वारेन्टिनमै बस्दै आएका थिए । गत जेठ २६ गते उनीहरुको स्वाब संकलन गरी नारायणी अस्पताल वीरगञ्जमा गरिएको पीसीआर परिक्षणमा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको हो ।

संक्रमण पुष्टि भएका तीनैजना सिम्रौनगढ नगरपालिकाके १८, १९ र ३८ वर्षीय पुरुष रहेको प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडितले जानकारी दिए ।

# प्रदेश २ को बजेटमा अनुत्पादक बढी

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ सरकारले हाले सार्वजनिक गरेको बजेटमा स्वास्थ्य र सामाजिक सुरक्षा सँगसँगै अनुत्पादक शिर्षकमा समेत बढी विनियोजन गरेको पाइएको छ ।

प्रदेश २ सरकारको आगामी आर्थिक बर्षको बजेटमा मनोरंजनात्मक स्थल बनाउनेदेखि बोका खरीद गर्नेसम्मका लागि विनियोजन गरेको छ ।

चुरे क्षेत्रमा जलाशय निर्माण गरी मनोरंजनात्मक स्थलको डिजाइन र निर्माणको लागि रु ३ करोड छुट्याएको प्रदेश सरकारले उन्नत नश्लका बोयर बोका खरीद तथा बितरणका लागि २ करोड विनियोजन गरेको छ ।

गत बर्ष शहीद परिवारलाई भैंसी खरीद गरी बितरण गर्दा सत्तासिन पार्टीका कार्यकर्तालै पनि पाउँदा आलोचनाको शिकार भएका सरकार यस पटक भने बोका बितरण गर्ने भएका हुन् ।

आगामी आर्थिक बर्ष प्रत्येक जिल्लामा उच्च प्रविधीको नर्सरीसहित नीजि नर्सरी स्थापना गर्न रु २ करोड ७५ लाख, प्रदेशमा नीजि वनको विकास गर्न रु २ करोड र एकीकृत कृषि वन प्रणालीको कार्यक्रमका लागि समेत २ करोड छुट्याएको छ । यो बजेट पनि कार्यकर्ता पाल्नके निम्ति छुट्याएको जानकारहरु बताउँछन् ।

जनचेतना जगाउने शिर्षकमा पनि बजेट विनियोजन गरिएको छ । कुपोषण न्यूनिकरणका लागि जनचेतना अभिबृद्धि गर्न २ करोड बजेट छुट्याएको प्रदेश सरकारले छात्राहरुको आत्मरक्षा तालिमको लागि रु १ करोड ५० लाख, महिला स्वरोजगारका लागि क्षमता अभिबृद्धि गर्न ७५ लाख, प्रदेशको भाषा, कला तथा संस्कृतिकोसंरक्षण, उत्थान तथा विकासको लागि एक प्रतिष्ठानको गठन गर्ने र सोको अन्तर्गत एक संग्रहालय संचालन सम्बन्धमा अध्ययन गराउन रु २५ लाख बजेट विनियोजन गरेको छ ।

विपद जोखिम न्यूनिकरणका लागि प्रदेश सरकारले रु ५ करोड ८० लाख बजेट विनियोजन गरेको छ भने आपतकालिन बाढी पहिरो पुर्नस्थापना कार्यक्रम र अति जोखिम स्थानहरुमा बाढी नियन्त्रण कार्यका लागि रु ३ करोड ७५ लाख विनियोजन गरेको छ ।

हरक्षण विपद् भोलिरहने प्रदेशले दुबै शिर्षक मिलाएर जोड्दा रु ९ करोड ५५ लाख बजेट छुट्याएको छ । तर, यहीं सरकारले पोखरी सौन्दर्यीकरणको नाममा रु ५३ करोड ४० लाख छुट्याएको छ ।

मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत पोखरीहरुको सफाई, मर्मत सुधार लगायत सौन्दर्यीकरण गर्ने कार्यक्रमलाई आगामी बर्ष समेत निरन्तरता दिई रु ५३ करोड ४० लाख बजेट विनियोजन गरिएको गत असार १ गते आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादवले प्रस्तुत गरेको बजेट बक्तव्यमा उल्लेख छ ।

सौन्दर्यीकरण शिर्षकमा यस पटक छुट्याएको बजेट चालू आ.ब. भन्दा बढी हो । चालू आ.ब.मा भने रु. ३१ करोड ३३ लाख विनियोजन गरिएको थियो ।

कोरोना महामारीको समयमा अनुत्पादक बजेट कटौति गर्ने जनाउँदै आएको प्रदेश सरकारले आफ्नो बजेट बक्तब्यमै पनि उत्पादनशील पूँजीगत खर्चलाई प्रोत्साहित गर्ने भनेपनि यसतर्फ ध्यान दिएकको पाइएको छैन् ।

प्रदेश सरकारले सम्भाव्यता अध्ययनके नाममा पनि बिभिन्न शिर्षकमा बजेट छुट्याएको पाइएको छ । प्रदेशभित्र सप्तरीदेखि पर्सासम्मको मधेशी शहीद राजमार्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रु ३ करोड विनियोजन गरेको छ । तर यथावत रहेको पूर्व पश्चिम राजमार्गके सडकलाई मधेशी शहीद नामांकरण गर्ने कि के गर्ने ? भन्ने सन्दर्भमा सरकारले केहि सार्वजनिक गरेको छैन् । कांग्रेस सांसद शिबचन्द्र चौधरी भन्छन्, "कुन सडकलाई मधेशी शहीद घोषणा गरिन्छ, त्यो कुरा प्रदेश सरकारले हालसम्म सार्वजनिक गरेको छैन् ।"

प्रदेशको सबैभन्दा होचो भाग धनुषाको मुसहर्नियाँ मुखियापट्टी गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गर्न रु ५ लाख बजेट विनियोजन गरेको छ ।

# सखी बहिनपा मिथिलानी समूहद्वारा राहत वितरण




**टुडे समाचारदाता**

जनकपुरधाम । सखी बहिनपा मिथिलानी समूह जनकपुरधामले शनिबार जनकपुरधाम उपमहानगरपालिका गरिब र विपन्न परिवारलाई राहत वितरण गरेको छ ।

बन्दाबन्दीका कारण उपमहानगरपालिकाका विभिन्न वडामा संकटमा परेका विपन्न परिवारलाई सो समूहले राहत स्वरुप खाद्यान्न समाग्री वितरण गरेको हो ।

समूहले संकटभोगी प्रति परिवारलाई १० किलो चामल, २ किलो दाल, १ लिटर तेल, सोयाबिन, नून, साबुन र सर्फ लगायतका सामग्री वितरण गरेको छ ।

सो अवसरमा अरूणा मिश्र , सुनिता मिश्र, भारती चौधरी , पुनम भत्र मैथिल , बिन्दु ठाकुर , नीतु भत्र , प्रेम विनिता , सरिता यादव , ज्योति भत्र , शारदा रेखा भत्र ,पुनम मिश्र, सीमा चौधरी , नीतु भत्र , नीना भत्र र शिल्पी मिश्र लगायतका अभियानीहरूले राहत वितरण कार्यमा सघाएकी थिइन् ।

समूहद्वारा संस्कार , भाषा ,कला , सामाजिक , सांस्कृतिक , उद्यमशीलताको विकासकासँगै परस्परमा आत्मीयताको परम्परालाई जीवन्त राख्नुका साथै ज्येष्ठप्रति सम्मानको वातावरण निर्माणका लागि सिर्जनात्मक र उत्प्रेरणामूलक गतिविधि सञ्चालन गर्दै आएको बताइएको छ ।

समूहका सदस्यहरूबाटे निर्माण गरिएका संस्कारिक र खाद्यान्न सामग्री , मिथिला कलाको बजारिकरण सन्दर्भमा मेला , उत्सवमा सहभागिता र प्रवर्द्धनमूखी कार्य गरी स्वावलम्बनतर्फ उन्मुख हुने वातावरण निर्माणमा त्रियाशील रहेको जनाइएको छ ।

# आज खण्डग्रास सूर्यग्रहण

काठमाण्डु । आषाढ कृष्ण औंसीका दिन आइतबार खण्डग्रास (आधा सूर्य ढाक्ने) सूर्यग्रहण लाग्देछ ।

नेपाल पञ्चाङ्ग निर्णायक समितिका अनुसार ग्रहणले बिहान १०:५० बजे स्पर्श गर्नेछ । मध्याह्न १२:३८ बजे मध्य र अपराह्न २:२३ बजे ग्रहणले मोक्ष प्राप्त गर्ने समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो । तीन घण्टा ३३ मिनेटसम्म नेपालबाट सूर्यग्रहण देखिने उहाँले बताउनुभयो ।

शास्त्रीय मान्यताअनुसार असार ६ गते राति १०:५० देखि बाल, वृद्ध र बिरामीबाहेक अरूलाई भोजन निषेध गरिएको छ । ग्रहणका समयमा स्नान, दान, श्राद्ध, जप, ध्यान, साधनालगायत कर्म गर्न शुभ मानिन्छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम हुने शास्त्रीय मान्यता छ ।

ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजीकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्रि, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् समेत रहनुभएका गौतमले बताउनुभयो । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । यसै विश्वास अनुसार असार ६ गते राति १० :५० बजेदेखि भोजन गर्नु हुँदैन ।

आइतबारको सूर्यग्रहण मृगशिरा र आर्द्रा नक्षत्र एवं मिथुन राशिका मानिसलाई अति कष्ट हुने समितिका सदस्य सचिव एवं सूर्य पञ्चाङ्गका पञ्चाङ्गकार सूर्यप्रसाद ढुङ्गेलले बताउनुभयो ।

सूर्यग्रहणको फल राशि अनुसार फरक छ । मेष राशिकालाई श्रीप्राप्ति, वृष राशिलाई क्षति, मिथुनलाई घात, कर्कटलाई व्यय, सिंह राशिका मानिसलाई लाभ, कन्या राशिलाई सुख, तुला राशिलाई माननाश, वृश्चिक राशिलाई कष्ट, धनु राशिलाई स्त्रीपीडा, मकर राशिलाई सुख, कुम्भलाई चिन्ता र मीनलाई व्यथाको फल हुने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ ।

मेष, सिंह, कन्या र मकर राशिकाले मात्र सुरक्षित विधि अपनाएर ग्रहण हेर्नुहुन्छ । अरु आठ राशि भएका मानिसले भने सूर्यग्रहण हेर्नुहुँदैन भन्ने शास्त्रीय मान्यता छ । यस वर्ष नेपालबाट सूर्यग्रहण आजको मात्र रहेको समितिले जनाएको छ ।

वैज्ञानिक मूल्य मान्यता अनुसार सुरक्षित तरीकाले सबैले ग्रहण हेर्न सकिने पनि नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले बताउनुभयो । प्रदेश नं. १ बाट सन् १९९५ नोभेम्बर २३ तारिखका दिन बिहान बलय (पुरै सूर्य ढाक्ने) सूर्यग्रहण लागेको थियो । अब बलय सूर्यग्रहण सन् २०६४ फेब्रुअरी १७ मा प्रदेश नं. १ के दक्षिणपूर्वी भूभागबाट देखिने उहाँले सुनाउनुभयो । रासस

# पर्यावरण संरक्षणको लागि शान्तिपूर्ण प्रदर्शन

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्यावरणको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था लिभिंग विथ इन्भाइरोमेन्ट (वातावरण जिउने आधार) ले पर्यावरण संरक्षणका विभिन्न मुद्दामा शनिबार शान्तिपुर्ण प्रदर्शन गरेको छ ।



वीरगञ्जस्थित घण्टाघर चोकमा भेला भएका संस्थाका पदाधिकारी तथा यहाँका नागरिक अगुवाहरूले निजगढमा निर्माणाधिन अन्तर्राष्ट्रिय विमानस्थल र प्रदुषणको चपेटामा रहेको पर्साको सिर्सिया नदीलगायतका विषयहरू समेट्दे प्रदर्शन गरे ।

'एउटा बिरूवाले एउटा जिवन प्रोत्साहन गर्छ', 'पर्यावरणको सुन्दरता बचाउनु हाम्रो जिम्मेवारी हो', 'प्रदुषणको विकल्प छ', वृक्ष संरक्षणलाई प्रोत्साहन गरौं' लगायतका नारा लेखिएका प्लेकार्ड सहित प्रदर्शनमा उत्रिएका थिए ।

संस्थाका पर्सा अध्यक्ष रोहित वर्णवालको अध्यक्षतामा भएको प्रदर्शनमा संस्थाका पदाधिकारी सहित नेपाल पत्रकार महासंघ प्रदेश २ का अध्यक्ष दिपेन्द्र चौहान, नागरिक समाजका अगुवा डा. दिपक शाक्य, युवा अभियन्ता ओम प्रकाश सर्राफ, भोलुन्टियर समुह वीरगञ्जका संयोजक राजन श्रीवास्तव, कांग्रेसका जिल्ला सभापति अजय दिवेदी, कांग्रेसको नेता अरविन्द गुप्ता लगायतकाहरूको उपस्थिती रहेको थियो ।

कार्यक्रमलाइ सम्बोधन गर्दै वक्ताहरूले पर्यावरण संरक्षण अहिलेको अपरिहार्य आवश्यक्ता रहेको बताएका थिए ।

वातावरण संरक्षणमा मानव जाती चुकेका कारण अहिलेको असहज परिस्थती श्रृजना भएको भन्दे वातावरणका लागि गम्भीर रूपमा सोच्ने समय आएको टिप्पणी गरे ।

बारामा निर्माण हुन लागेको विमानस्थलले पर्यावरणलाइ गम्भीर असर पार्ने भएको हुँदा यस बारेमा पुनः विचार वक्ताहरूले जोड दिएका थिए ।

पर्साको लाइफलाइनको रूपमा रहेको सिर्सिया नदीको संरक्षणमा जुट्न महानगर लगायत सम्बन्धीत पक्षलाइ अपिल गरिएको थियो ।

प्रदर्शनमा उत्रिएका संस्थाका पदाधिकारिहरूले मुहारमा पर्यावरण लाइ मुखरीत गर्ने खालको चित्र कोरेका थिए । कार्यक्रमको सहजीकरण रेयान कायस्थले गरेका थिए ।

# महिलालाई अपहरणको प्रयास

**टुडे समाचारदाता**

गौर । रौतहटको गरूडा नगरपालिका वडा नम्बर - ३ मलाहीटोलकी एक महिलालाई शुक्रबाराति घरबाटै अपहरणको प्रयास भएको छ । आफ्ना छोराछोर सिँग रहेकी महिलालाई राति ९ बजे चार जनाको समूहले अपहरणको प्रयास गरेका हुन् ।

महिलाका श्रीमान कामको सिलसिलामा गौरमा रहेको मौका छोपी चार जनाको समुहले अपहरणको प्रयास गरेका हुन् । घरमा बसिरहेको बेला अचानक चार जना आएर मुख थुन्दे बोकेर लग्न थालेका थिए,' पीडित महिलाले भनिन्, 'चारैतिरबाट घेरेर उनीहरुले जबरजस्ती घिसार्न थालेपछि गुहार माग्दे धेरैबेर कराए । जबरजस्ती घिसार्न थालेपछि उनी बेहोस भएर लडेकी थिइन् । होहल्ला सुनेर छिमेकीहरु आएपछि चारै जना भागेका थिए ।'

घटना पछि गौर अस्पतालमा उपचारको क्रममा रहेकी ३५ वर्षिया महिलाको शरीरका विभिन्न भागमा चोट लागेको छ । अपहरण गर्न आएका अजय सहनी, राकेश सहनी, राजा सहनी र ज्योती सहनी रहेको महिलाको दाबी छ । तीन जना गरूडा नगरपालिकाको र एक जना गढीमाई नगरपालिकाको रहेका छन् ।जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक रविराज खड्काले घटनाबारे अनुसन्धान भइरहेको बताएका छन् ।

**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**जनकपुर टुडे मिडिया ग्रुपको अपिल**

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायात धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com